# कोशी प्रदेशको आर्थिक बृद्धिका प्राथमिकता

## (कोशी प्रदेशको आर्थिक बृद्धि सम्भाव्य क्षेत्र सम्बन्धी अध्ययनमा आधारित रहेर तयार पारिएका रणनीतिक सुझावहरू)





Community Engagements & Outreach
www.ceo.com.np

# पुस्तिका बारे

कोभिड-१९ को महामारीले नेपालको अर्थतन्त्रमा समेत प्रतिकुल प्रभाव देखियो । आय र रोजगारीमा परेको आन्तरिक र बाह्य प्रभावका कारण आर्थिक गतिविधि सङ्कुचित भएर आर्थिक वृद्धि समेत नकारात्मक हुन पुग्यो । नेपालको समग्र अर्थतन्त्रमा परेको कोभिड-१९ को प्रभावबाट कुनै पनि प्रदेश मुक्त हुन सकेनन् । संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको नयाँ संविधान मार्फत् राज्यको पुनर्संरचना भई गठन भएका प्रादेशिक संरचनाले संस्थागत स्वरुप ग्रहण गरी नसक्दै कोभिड-१९ ले ल्याएको चुनौती समेत सामना गर्नुपर्दा प्रदेश सरकारले आर्थिक विकास र रोजगारी प्रवर्द्धनका क्षेत्रमा पर्याप्त भूमिका खेल्न सकेनन् ।

यस पृष्ठभूमिमा नेपालको उद्योग र कृषि अर्थतन्त्रको महत्वपूर्ण हिस्सा ओगट्ने क्षेत्र समेटिएको कोशी प्रदेशको आर्थिक वृद्धिमा उल्लेख्य योगदान गरिरहेका र गर्नसक्ने क्षेत्र, वस्तु तथा सेवा पहिचान गरी आर्थिक वृद्धिका लागि रणनीतिक सुझाव तयार गर्ने उद्देश्यले द एसिया फाउण्डेशनको सहयोगमा कम्युनिटी इन्गेजमेन्ट एण्ड आउटरिच (CEO) प्रा.लि.ले स्वतन्त्र अध्ययन गरेको छ । यस पुस्तिकामा व्यक्त विचार तथा विषयहरूले द एसिया फाउण्डेसनको आधिकारिक धारणालाई प्रतिनिधित्व गरेको मानिने छैन । कुल गार्हस्थ्य उत्पादन सम्बन्धी संघीय र प्रादेशिक तथ्याङ्क, मूल्य सूचकाङ्क, कृषि तथा औद्योगिक तथ्याङ्क, वैदेशिक व्यापार सम्बन्धी तथ्याङ्क, संघ र प्रदेश सरकारका कार्यक्रम तथा बजेट, आवधिक योजना, रोजगारी सम्बन्धी तथ्याङ्क आदिको विश्लेषणबाट आर्थिक वृद्धि सम्भाव्य वस्तु तथा सेवा पहिचान गरिएको छ । पहिचान गरिएका वस्तु तथा सेवाको उत्पादन र श्रृंखलाका विभिन्न चरणमा रहेका समस्या समाधान गरी कृषि, उद्योग र सेवा क्षेत्रको मूल्य अभिवृद्धि बढाउँदै प्रादेशिक आर्थिक वृद्धिमा सुधार ल्याउने उपायमा केन्द्रित रहेर यस पुस्तिकामा मूलतः कोशी प्रदेश सरकार र सम्बन्धित सरोकारलाहरूका लागि रणनीतिक सुझाव प्रस्तुत गरिएको छ । प्रदेशको आर्थिक वृद्धिमा रहेका समस्या र चुनौती तथा समाधानको विकल्प पहिचानका लागि गरिएका जानिफिकार अन्तरवार्ता, समूह केन्द्रित छलफल, परामर्श बैठक तथा कार्यशालाहरूबाट सङ्कलित गुणात्मक तथ्याङ्क र विभिन्न क्षेत्रगत विज्ञहरूको विज्ञताका आधारमा रणनीतिक सुझाव प्रस्तुत गरिएका छन् ।

अध्ययनको विस्तृत प्रतिवेदन बेग्लै प्रकाशित गरिएको छ । प्रकाशित पूर्ण प्रतिवेदनको पूरक भागका रुपमा यो पुस्तिका तयार पारिएको हो । मूलतः आर्थिक वृद्धिको अर्थशास्त्रीय दृष्टिकोणका आधारमा कृषि, उत्पादनमूलक उद्योग र सेवा क्षेत्रमा उत्पादन, मूल्य अभिवृद्धि, बजारीकरण, पूर्वाधार विकास, नीतिगत तथा संस्थागत प्रबन्ध आदिका बारेमा कार्यान्वयन निकाय र सम्बन्धित पक्षलाई थप सहज होस् भन्ने उद्देश्यले यो पुस्तिका प्रकाशन गरिएको छ ।

आर्थिक वृद्धि सम्बन्धी अध्ययन र रणनीतिक सुझाव तयारीको जिम्मेवारी उपलब्ध गराउने द एसिया फाउण्डेशनप्रति आभारी छौं । कोशी प्रदेशको आर्थिक वृद्धि केन्द्रित अध्ययन टोलीका सम्पूर्ण सदस्यहरू तथा रणनीतिक सुझाव तयारीमा योगदान गर्ने कृषि विज्ञ डा. राजेन्द्र उप्रेती, पर्यटन बोर्ड प्रमूख कार्यकारी अधिकृत दिपकराज जोशी, नेपाल उद्योग वाणिज्य महासंघ कोशी प्रदेशका सल्लाहकार अविनास बोहोरा र उद्योगी अनिल सारडाको योगदान प्रसंशनीय छ । रणनीतिक सुझाव तयारीका क्रममा सहभागी भई महत्वपूर्ण सुझाव प्रदान गर्नु हुने प्रदेश सरकार, निजी क्षेत्रका प्रतिनिधि र नागरिक संघ संस्थाका प्रतिनिधिहरूप्रति पनि आभार व्यक्त गर्दछौं । आशा छ, कोशी प्रदेशको आर्थिक वृद्धिमा केन्द्रित कार्यक्रम र प्राथमिकता निर्धारण तथा निजी क्षेत्रको लगानी निर्णयका यस पुस्तिकामा समावेश सुझावहरू सहयोगी हुनेछन् ।

धन्यवाद ।

रितिमा प्रधान
कार्यकारी निर्देशक

# नेपाल उद्योग वाणिज्य महासंघ-कोशी प्रदेश

## Federation of NepaleseChambers of Commerce & Industry-Koshi Province



## बधाई तथा शुभकामना

कोशी प्रदेशको आर्थिक दीगो आर्थिक वृद्धिका सम्भाव्यता पहिल्याउने उद्देश्यले कम्युनिटी इन्गेजमेन्ट्स एण्ड आउटरिच (सिइओ)प्रा.लि.ले द एसिया फाउण्डेशनको सहयोगमा गरेको अध्ययन प्रतिवेदन नेपाल उद्योग वाणिज्य महासंघ-कोशी प्रदेशलाई पनि उपलब्ध गराउनु भएकोमा आभारी छु । अध्ययनको विधि तय गर्ने चरणदेखि गुणात्मक तथ्याङ्क संकलन तथा प्रारम्भिक निष्कर्ष माथि पृष्ठपोषण प्राप्तिका क्रममा प्रदेश राजधानी तथा विभिन्न जिल्लामा भएका छलफल तथा अन्तरक्रियाको समन्वय र सहभागिताको अवसर उपलब्ध गराएकोमा सिइओ तथा विज्ञ समूहमा रहेका सबैलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

आर्थिक वृद्धिका लागि वस्तु तथा सेवाको उत्पादन र मुल्य अभिवृद्धिका हरेक पक्षमा सरकार र निजी क्षेत्रको सहकार्य आवश्यक हुन्छ । यसका लागि दुबै पक्षलाई प्रतिस्पर्धात्मक लाभका क्षेत्र, वस्तु तथा सेवाको बारेमा पर्याप्त जानकारी हुनुपर्छ । कोशी प्रदेशमा कृषि, उद्योग र सेवा क्षेत्र अन्तर्गत रहेका तुलनात्मक लाभका वस्तु तथा सेवा पहिचानका साथै तिनको मुल्यश्रृंखलामा रहेका समस्याको लेखाजोखा र समाधानका उपाय समेत सुझाइएको प्रतिवेदन यसमा सहयोगी हुने विश्वास लिएको छु ।

कोशी प्रदेश सरकारको प्रथम आवधिक योजनाले परिलक्षित गरेको आर्थिक वृद्धि हाँसिल हुन नसकेको पृष्ठभूमिमा सिइओले गरेको अध्ययन सान्दर्भिक रहेको छ । कम्तीमा दोहोरो अङ्कको दीगो आर्थिक वृद्धि विना यहाँको विकास र समृद्धि हाँसिल हुन सक्दैन । त्यसैले आर्थिक वृद्धि विषय आमचासोको विषय समेत हो र हुनुपर्छ भन्ने मेरो मान्यता छ । यस पृष्ठभूमिमा नीति निर्माण, कार्यान्वयन र लगानीको भूमिकामा रहने कोशी प्रदेश सरकार तथा सम्बन्धित निकायहरू, यहाँका स्थानीय तहहरू तथा निजी क्षेत्र सबैका लागि यो प्रतिवेदनले महत्वपूर्ण सन्दर्भ सामग्रीको काम गर्नेछ ।

अन्त्यमा, यस अध्ययनको विस्तृत प्रतिवेदन तथा आर्थिक वृद्धिका रणनीतिक सुझाव सम्बन्धी पुस्तिका तयारीमा संलग्न तथा सहयोगी सबैमा हार्दिक बधाई ज्ञापन गर्दछु । यसबाट कोशी प्रदेशको आर्थिक वृद्धिमा केन्द्रित प्राथमिकता निर्धारण र कार्यान्वयनमा उल्लेख्य योगदान पुग्ने विश्वास सहित हार्दिक शुभकामना व्यक्त गर्दछु ।


..............
राजेन्द्र राउत
अध्यक्ष
नेपाल उद्योग वाणिज्य महासंघ-कोशी प्रदेश

## अध्ययन टोली

प्रा.डा. अर्जुन बराल
जयजिव हाडा
अनिरुद्र न्यौपाने
आयुष जङ्ग थापा
के.एन. आचार्य
गौतम लामिछाने मगर
अविन प्रजापती

## क्षेत्रगत विज्ञ

डा. राजेन्द्र उप्रेती, कृषि विज्ञ
दिपक राज जोशी, पर्यटन विज्ञ

# विषय सूची

**अध्याय १ परिचय**

१.१. पृष्ठभूमि
१.२. आर्थिक सम्भाव्य वस्तु तथा सेवा
१.३. रणनीतिक सुझाव तयार गर्नुको उद्देश्य
१.४. प्रस्तावित रणनीतिक उद्देश्यहरू
१.५. रणनीतिक सुझावका क्षेत्र

**अध्याय २ कृषि क्षेत्र**

२.१. परिचय
२.२. प्रस्तावित रणनीतिहरू
२.३. रणनीतिक प्राथमिकता
२.४. सम्भाव्य उत्पादन केन्द्रित रणनीतिक प्राथमिकता

**अध्याय ३ उत्पादनमूलक उद्योग**

३.१. परिचय
३.२. प्रस्तावित रणनीतिहरू
३.३. रणनीतिक प्राथमिकता
३.४. उत्पादमा आधारित रणनीतिक प्राथमिकता

**अध्याय ४ पर्यटन**

४.१. परिचय
४.२. प्रस्तावित रणनीतिहरू
४.३. रणनीतिक प्राथमिकता

अध्याय
१

# परिचय

## १.१. पृष्ठभूमि

कुल गार्हस्थ्य उत्पादन कुनै पनि मुलुकको सीमाभित्र एक आर्थिक वर्षमा उत्पादन वा प्रवाह हुने वस्तु तथा सेवाको मूल्यको कुल योग हो । कुल गार्हस्थ्य उत्पादन कुनै पनि देशको अर्थतन्त्रको आकार मापन गर्ने आधार पनि हो । राष्ट्रिय तथ्याङ्क कार्यालयको आर्थिक वर्ष २०७८/०७९ को तथ्याङ्क अनुसार नेपालको कुल गार्हस्थ्य उत्पादन रू. ४८ खर्ब ५१ अर्ब ६२ करोड रहने अनुमान रहेको छ ।

सामान्य अर्थमा कुल गार्हस्थ्य उत्पादन भनेको मुलुको सीमाभित्रको उत्पादन बुझिने भए पनि यसमा कुनै पनि प्रदेश वा स्थानीय तहको हिस्सा भने मापन गर्न सकिन्छ । नेपाल सरकारले पनि त्यस्तो अभ्यास गरेको छ । यस आधारमा नेपालको कुल गार्हस्थ्य उत्पादनमा प्रादेशिक हिस्सा गणना गर्ने गरिएको छ । राष्ट्रिय तथ्याङ्क कार्यालयका अनुसार कोशी प्रदेशको कुल गार्हस्थ्य उत्पादन आर्थिक वर्ष २०७८/०७९ मा करिव रू. ७ खर्ब ६३ अर्ब २७ करोड रहने अनुमान छ । नेपालको समग्र अर्थतन्त्रमा कोशी प्रदेशले १५.७ प्रतिशत हिस्सा ओगटेको देखिन्छ । यस आधारमा कोशी प्रदेश मुलुकको अर्थतन्त्रमा बाग्मती पछि दोस्रो धैरै योगदान गर्ने प्रदेश हो ।

आर्थिक वृद्धि मुलुकको अर्थतन्त्र वा कुल गार्हस्थ्य उत्पादनको आकारमा एक आर्थिक वर्षमा हुने वृद्धिको अवस्था हो । सामान्यता: आर्थिक वृद्धि मापन गर्दा वस्तु तथा सेवाको मूल्य सुचकाङ्कका आधारमा मूल्य वृद्धि समायोजन गरी वास्तविक मूल्यमा गर्ने गरिन्छ । आर्थिक वर्ष २०७८/०७९ मा नेपालको आर्थिक वृद्धिदर ५.५ प्रतिशत रहने अनुमान गरिएको छ । कोशी प्रदेशको आर्थिक वृद्धिदर ५.१ प्रतिशत रहने अनुमान गरिएको छ ।

आर्थिक वर्ष २०७८/०७९ मा नेपालको अर्थतन्त्रमा प्राथमिक क्षेत्र (मूलत: कृषि) को योगदान २४.५ प्रतिशत, द्वितीयक (उद्योग) क्षेत्रको १३.७ प्रतिशत र तृतीयक (सेवा) क्षेत्रको योगदान ६१.८ प्रतिशत रहने अनुमान छ । कोशी प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा भने प्राथमिक, द्वितीयक र सेवा क्षेत्रले क्रमश: ३३.२ प्रतिशत, उद्योग क्षेत्रले १७.२ प्रतिशत र तृतीयक क्षेत्रले ४९.१ प्रतिशत योगदान गर्ने अनुमान छ । यस आधारमा नेपालको समग्र अर्थतन्त्रको तुलनामा प्रदेशको अर्थतन्त्र बढी उत्पादनमा आधारित रहेको देखिन्छ । कृषि र उद्योग क्षेत्रको योगदान प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा ५० प्रतिशत भन्दा बढी रहेको सन्दर्भमा यसलाई प्रदेशको सबल पक्ष मान्न सकिन्छ । यसैलाई दृष्टिगत गरी कोशी प्रदेश सरकारले आर्थिक वृद्धिको रणनीतिक प्राथमिकता निर्धारण गर्नु उपयुक्त हुन्छ ।

## १.२. आर्थिक सम्भाव्य वस्तु तथा सेवा

कम्युनिटी इन्गेजमेन्ट्स एण्ड आउटरिच प्रा.लि.ले कोशी प्रदेशको आर्थिक वृद्धि सम्भाव्य वस्तु तथा सेवा पहिचानका लागि गरेको अध्ययनको निष्कर्ष अनुसार तुलानात्मक रुपमा बढी मूल्य अभिवृद्धि सम्भाव्यता भएका कृषि वस्तुको उत्पादनलाई प्रदेश सरकारले प्राथमिकता दिनुपर्ने देखिन्छ । उद्योगतर्फ पनि कृषि उत्पादनलाई कच्चा पदार्थको रुपमा प्रयोग गर्ने उत्पादनमूलक उद्योगको अर्थतन्त्रमा बढी योगदान रहेको छ । यसमा मूलत: खाद्य प्रशोधन र टेक्स्टाइल उद्योग रहेका छन् । त्यसैले कृषि उत्पादनमा आधारित यी उद्योगको प्रवर्द्धनले कृषि र उद्योग दुबै क्षेत्रबाट दीगो आर्थिक आधार निर्माण गर्न सकिने देखिन्छ । त्यसैगरी कृषि उत्पादनको व्यापारलाई कृषि क्षेत्रको मूल्य अभिवृद्धि उद्योगका रुपमा विकास गर्न सकेमा सेवा क्षेत्रको कृषि र उद्योगसँगको अन्तरसम्बन्ध विस्तार भई प्रदेशको समग्र

आर्थिक वृद्धि बढाउन सकिने देखिएको छ । कोशी प्रदेशको प्राकृतिक, साँस्कृतिक र सामाजिक विविधता लगायतका पर्यटकीय सम्भावना एवं भारत र बंगलादेशसँगको नजिकको भौगोलिक दुरीलाई आधार बनाएर पर्यटन क्षेत्रको विकासले पनि प्रदेशको दीगो र फराकिलो आर्थिक वृद्धिमा योगदान गर्नसक्ने देखिन्छ । उल्लिखित तथ्यमा आधारित रहेर निम्नानुसारका वस्तु तथा सेवालाई आर्थिक वृद्धिमा तुलनात्मक रुपमा बढी योगदान गर्ने सम्भावना भएका उत्पादनका रुपमा लिइएको छ ।

**कृषि तथा पशुपालनः** अन्नबाली (धान, मकै, गहुँ र कोदो) मसलाबाली (अलैंची र अदुवा) तरकारी (गोलभेँडा, बन्दा, काउली), फलफूल (सुन्तला तथा अमिलो जातका फलफूल र केरा), नगदेबाली (आलु र तोरी), मासु (खसीबाखा), पोर्क (बंगुर), दूध (गाइभैंसी)

**उद्योग :** खाद्य प्रशोधन उद्योगका उत्पादन र टेक्स्टाइल उद्योगका उत्पादन

**सेवा :** कृषि उत्पादनको व्यापार र पर्यटन (खाना तथा आवास सेवा, यातायात र मनोरञ्जन)

## १.३. रणनीतिक सुझाव तयार गर्नुको उद्देश्य

कोशी प्रदेशको आर्थिक वृद्धि सम्बन्धी अध्ययनको विस्तृत प्रतिवेदनले प्रदेशको आर्थिक वृद्धिका अवरोधक पहिचान गर्नुका साथै आर्थिक वृद्धिका लागि प्राथमिकता सम्बन्धमा निष्कर्ष र सुझाव प्रस्तुत गरेको छ। प्रस्तुत निष्कर्ष तथा सुझावका आधारमा रणनीतिक सुझाव तयार गरिएको छ । यसले प्रदेश सरकारको कृषि, उद्योग र सेवा क्षेत्रमा अल्पकालीन, मध्यकालीन र दीर्घकालीन नीति एवं वार्षिक विकास कार्यक्रम र बजेट तय गर्नमा सहयोग पुग्न सक्छ भने निजी क्षेत्रको लगानी प्राथमिकीकरणमा समेत योगदान पुग्नेछ ।

## १.४. प्रस्तावित रणनीतिक उद्देश्यहरू

२.१. कृषि क्षेत्रलाई कोशी प्रदेशको दीगो आर्थिक वृद्धिको आधारको रुपमा विकास गर्ने र कृषिको उद्योग र सेवा क्षेत्रसँगको अन्तरसम्बन्ध बिस्तार गरी गैरकृषि क्षेत्रको आर्थिक वृद्धिमा पनि कृषि क्षेत्रको योगदान विस्तार गर्ने ।

२.२. उत्पादनमूलक उद्योगको कृषि क्षेत्रसँग पृष्ठसम्बन्ध कायम गर्दै प्रदेशको अर्थतन्त्रमा औद्योगिक क्षेत्रको योगदान बढाउने ।

२.३. पर्यटनलाई प्रदेशको आय र रोजगारीको भरपर्दो विकल्प बनाउने ।

## १.५. रणनीतिक सुझावका क्षेत्र

कृषि, उत्पादनमूलक उद्योग, कृषि उत्पादनको व्यापार र पर्यटन क्षेत्रलाई कोशी प्रदेशको आर्थिक वृद्धिका रणनीतिक प्राथमिकताका क्षेत्रका रुपमा लिएर ती क्षेत्र अन्तर्गत तुलनात्मक लाभका वस्तु तथा सेवामा आधारित रहेर रणनीतिक सुझाव तयार परिएको छ। कोशी प्रदेशको आर्थिक वृद्धि सम्बन्धी अध्ययनको निष्कर्षमा आधारित रहेर तयार गरिएको रणनीतिक सुझावमा निम्न विषय समेट्ने प्रयास गरिएको छ ।

- उत्पादन र उत्पादकत्व अभिवृद्धि
- उत्पादनको अग्र र पृष्ठ सम्बन्ध विस्तार
- उत्पादनको बजारीकरण
- पूर्वाधार र सेवाको उपलब्धता र पहुँच
- लगानी र उत्पादन श्रृंखलाका विभिन्न चरणमा सम्बन्धित पक्षको भूमिका

# अध्याय २

# कृषि क्षेत्र

## २.१. परिचय

कोशी प्रदेश व्यवसायिक कृषिको वर्तमान अवस्था तथा सम्भावनाका आधारमा देशको अग्रणी प्रदेश हो । मौसमको अनुकलता, तुलनात्मक रुपमा पानीका श्रोतहरूको बढी उपलब्धता, विगत लामो समयदेखि यो क्षेत्रले स्वदेशी तथा विदेशी बजारमा गरिरहेको कृषि वस्तुहरूको व्यापारले अन्नबाली, तरकारी, अलैँची, दूध उत्पादन, चिया, अदुवा, आलु, अम्रिसो, सुपारी, मासु जस्ता उत्पादनमा यो प्रदेशले विशिष्ट पहिचान बनाएको छ । यसका साथै पछिल्लो समयमा हुँदै गरेका भौतिक पूर्वाधारहरूको विकासले कृषि उत्पादन र प्रशोधन क्षेत्रमा पनि उल्लेख्य सुधार भएको छ । सुन्तला लगायतका फलफूलको साथै केरा उत्पादनको लागि देशकै एउटा मुख्य क्षेत्रको रुपमा यो प्रदेश रहेको छ । पछिल्लो समयमा नयाँ सम्भावनाको रुपमा बढिरहेको कफी, एभोकाडो, किवी, ड्रागनफ्रुट लगायतका फलफूलहरू मार्फत प्रदेशले कृषि क्षेत्रमा नयाँ विकल्प प्रस्तुत गर्न सक्ने पनि देखिएको छ ।

पुराना कृषि उत्पादनहरूले आफुलाई कम जोखिमयुक्त अवस्थामा राख्न संघर्ष गरिरहेको र राज्यले ती व्यवसायहरूलाई प्रभावकारी रुपले संरक्षण गर्न र सघाउन नसकिरहेको अवस्थामा विना अध्ययन नयाँ विकल्प अघि बढाउनु जोखिमयुक्त हुने तर्फ सचेत हुनु आवश्यक छ । प्रदेशको एउटा मुख्य नगदेवालीको रुपमा रहेको जुटखेतीको वर्तमान अवस्थालाई उदाहरणको रुपमा लिएर आफ्नै अनुभवका आधारमा उत्पादन र बजारको दीगोपनाको पक्षमा सरकार र निजी क्षेत्र दुबैले पर्याप्त ध्यान दिनुपर्छ । विगतमा ६० हजार हेक्टर भन्दा धेरै क्षेत्रफलमा खेती हुने र विदेशी मुद्रा आर्जनको महत्वपूर्ण माध्यम रहेको जुटखेती अहिले ७ हजार हेक्टर भन्दा कम क्षेत्रमा सीमित भएको छ । हाल प्रदेशभित्र सञ्चालनमा रहेका सबैजसो जुटमा आधारित उद्योगहरू विदेशबाट आयात गरिने कच्चा पदार्थमा भर पर्नुपर्ने अवस्था आएको छ ।

कोशी प्रदेशको अनुकुलता र उपलब्ध श्रोत साधनमा आधारित रहेर आवश्यक संस्थागत, व्यवस्थापकीय र नीतिगत सुधारहरू गर्न सकेमा कृषि क्षेत्र दीगो आर्थिक वृद्धिको आधार बन्न सक्छ । यहाँको विद्यमान खेती प्रणाली, उत्पादन अवस्था, बजार व्यवस्थापनमा सुधार गर्दै प्रदेशको कृषि क्षेत्रलाई रुपान्तरण गर्न सकिन्छ । यसको उत्पादन लागत कम गर्दै यसलाई थप प्रतिस्पर्धी बनाउन सम्भव छ । उत्पादनको बजार सिर्जना र मूल्य अभिवृद्धिका लागि उत्पादन पछिका भण्डारण, प्रशोधन, ग्रेडिङ, प्याकेजिङ तथा ब्राण्डिङ गरी गुणस्तरीय उत्पादनहरू स्वदेशी तथा विदेशी बजारमा पुऱ्याउन सकिन्छ । यसका लागि राजनीतिक इच्छाशक्ति, कृषि क्षेत्रमा रुपान्तरणको दृढ संकल्प र सरकारको इमान्दार प्रयास तथा समन्वयकारी भूमिका भने आवश्यक छ ।

## २.२. प्रस्तावित रणनीतिहरू

१. दीगो आर्थिक वृद्धिमा योगदान गर्नसक्ने र तुलनात्मक लाभका कृषि उत्पादन प्रवर्द्धनका लागि अनुकुल नीतिगत र संस्थागत सहयोग तथा सहयोगी पूर्वाधार विकासलाई प्राथमिकतामा राख्ने ।

२. कृषि उत्पादनको व्यापारलाई मूल्य अभिवृद्धि उद्योगका रुपमा विकास गर्न कृषि वस्तुको ग्रेडिङ, ब्राण्डिङ, प्याकेजिङ, प्रवर्द्धन र बिक्री वितरण गर्ने व्यवसायलाई प्राथमिकता प्राप्त सेवा व्यवसायका रुपमा प्रवर्द्धन गर्ने ।

३. कृषि उत्पादनमा आधारित उद्योगलाई कच्चा पदार्थ उपलब्ध गराउने गरी चक्लाबन्दी खेती प्रवर्द्धन गर्न कृषिमा निजी र सहकारी क्षेत्रको भूमिका विस्तार गर्ने ।

## २.३. रणनीतिक प्राथमिकता

### क. उत्पादन

हाल उत्पादन भइरहेका धान, मकै, आलु, अलैंची, अदुवा, तेलहन, दूध, मासु, फलफूल, तरकारी आदिको उत्पादकत्व बढाँउदै कृषि क्षेत्रको समग्र उत्पादन वृद्धि गर्न सकिन्छ । यसैगरी उत्पादनका साधनको सहज उपलब्धता पहुँच सुनिश्चित गरी उत्पादन लागत घटाउने विषय मुख्य प्राथमिकतामा रहनुपर्छ । यसबाट कृषि वस्तुहरूको व्यवसायिक र लाभदायक परिमाणमा उत्पादन गर्ने अभ्यास विकास भई कृषि क्षेत्रको प्रतिस्पर्धी क्षमता विस्तार हुन्छ । उन्नत जातका गुणस्तरीय बीउ, रसायनिक मल, सिँचाइ व्यवस्थापन आदिको सर्वसुलभ सहज आपूर्ति उत्पादन लागत घटाउने र उत्पादकत्व बढाउने मुख्य आधार हो । उत्पादन सामाग्रीको आपूर्तिमा सुधार भएसँगै अन्य व्यवस्थापनमा पनि सहजता आउँछ ।

जात, नश्ल, बीउ, मलखाद्य, बेर्ना आदिको श्रोत व्यवस्थापनमा संघीय कृषि तथा पशुपन्छी विकास मन्त्रालय, नेपाल कृषि अनुसन्धान परिषद् तथा प्रदेश मन्त्रालयले भूमिका निर्वाह गर्नुपर्ने देखिन्छ । बीउ, बेर्ना, भुरा आदिको वृद्धि विकास र आपूर्तिमा सरकारी तथा निजी बीउ कम्पनीहरू तथा यसको गुणस्तर नियन्त्रण व्यवस्थापनमा प्रदेशमा रहेको बीउबिजन प्रयोगशालाको भूमिकामा रहनु उपयुक्त हुन्छ । बालीको आवश्यकता अनुसारको सिँचाइको पानी व्यवस्थापन प्रदेशमा रहेका सिँचाइ आयोजनाहरू तथा सिँचाइ कार्यालयहरूले जिम्मेवारी लिनुपर्छ । कृषियन्त्र उपकरणहरूको उपलब्धता निजी क्षेत्र, कृषि सहकारी, कस्टम हायरिङ सेन्टरहरूले गराउनु पर्छ । बाली र पशु उत्पादनका प्राविधिक सेवाहरू कृषि अनुसन्धान केन्द्रहरू, कृषि तथा पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय अन्तर्गतका जिल्ला ज्ञान केन्द्ररू र विज्ञ केन्द्रहरू तथा स्थानीय तहका कृषि तथा पशुसेवा शाखाहरूले समन्वयात्मक रुपमा गर्नुपर्छ । तहगत रुपमा विज्ञताको स्तर र सेवाको स्तर फरक र विशिष्ठ हुने गरी जिम्मेवारी निर्धारित र परिभाषित गर्नुपर्छ । कृषि ज्ञान केन्द्र र विज्ञ केन्द्रलाई प्रशासनिक नभई प्राविधिक सेवा प्रवाह गर्ने विशिष्टीकृत संस्थाका रुपमा विकास गर्ने विषय प्रदेश सरकारको प्राथमिकतामा रहनु पर्छ ।

### ख. बजारीकरण

हाल मूलतः बजार माग अनुसारको उत्पादन, उत्पादनको बजारयोग्य परिमाणको सुनिश्चितता, नियमित आपूर्ति र उत्पादन पश्चात् ग्रेडिङ, प्याकेजिङ, लेबलिङ र ढुवानी जस्ता व्यवस्थापकीय समस्या रहेका छन् । यसरी आलु, तरकारी, फलफूल जस्ता उत्पादनको उचित भण्डारण पनि बजारीकरण र नियमित आपूर्तिको लागि महत्वपूर्ण रहेको छ । प्रदेशभित्र उत्पादन हुने अधिकांश उत्पादनको पर्याप्त आन्तरिक बजार रहेकाले आन्तरिक बजार व्यवस्थापनमा सरकार र निजी क्षेत्रका बिच भरपर्दो साझेदारी आवश्यक छ । निर्यात योग्य वस्तुको बाह्य बजार प्रवर्द्धनमा संघीय सरकारको मुख्य भूमिका हुने भए पनि स्थानीय ब्राण्ड इमेज स्थापना र प्रवर्द्धनात्मक कार्यलाई प्रदेश सरकारले पनि प्राथमिकतामा राख्नु पर्छ ।

कृषि उत्पादनको बजार र मूल्य नपाएको गुनासो आमकृषकहरूको गर्दै आएका छन् । बजारको माग अनुसारको उत्पादन नहुनु, बिना योजना गरिने एउटै वस्तुको उत्पादनले समय समयमा बजारको क्षमता भन्दा धेरै उत्पादन हुँदा बजारमा सम्बन्धित वस्तु थुप्रिने अवस्था आउनु तथा भण्डारण र ढुवानीको उचित प्रबन्ध नहुनु जस्ता कारणले उत्पादनले बजार र मूल्य नपाउने गरेको पाइन्छ ।

उत्पादक र उपभोक्ता मूल्यका बिचमा रहेको अन्तर हटाउन बजार मध्यस्थहरूलाई नियमनको दायरामा ल्याउने तथा ढुवानी, भण्डारण र अन्य क्षतिका कारणले लाग्ने अतिरिक्त लागत कम गर्नका लागि पूर्वाधार र सेवा व्यवस्थित गर्ने कार्यमा प्रदेश र स्थानीय सरकारको भूमिका आवश्यक हुन्छ। उत्पादनको परिमाण विस्तारका लागि भइरहेको उत्पादनको एकीकरण गर्ने अभ्यास प्रवर्द्धनका लागि अन्तर स्थानीय तह समन्वय र क्लस्टर अवधारणा कार्यान्वयन उपयुक्त हुन्छ।

## ग. मूल्य अभिवृद्धि

ग्रेडिङ, ब्राण्डिङ र प्याकेजिङलाई अतिरिक्त मूल्य सिर्जना वा मूल्य अभिवृद्धिको पहिलो चरणका रुपमा लिएर सम्बन्धित उत्पादक, सहकारी तथा थोक तथा खुद्रा बजार सञ्चालकलाई यसमा प्रेरित गर्नुपर्छ । कृषि उत्पादनको सफाई, सुकाई, भण्डारण तथा घरेलु साना तथा मझौला उद्योगबाट प्रशोधनलाई मूल्य अभिवृद्धिको दोस्रो चरणका रुपमा लिनुपर्छ। त्यसैगरी शीत भण्डारको उचित व्यवस्थापन र ठूलो परिमाणमा उत्पादन गरी मझौला र ठूला उद्योगका लागि कच्चा पदार्थको विश्वसनीय श्रोत बनाउनु मूल्य अभिवृद्धिको तेस्रो चरणका रुपमा लिनुपर्छ। पहिलो चरणका कार्यमा स्थानीय सरकारले महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्छ। दोस्रो चरणमा साना उद्यमी तथा सहकारीको भूमिका प्रवर्द्धन गर्नुपर्छ। तेस्रो चरणका लागि प्रदेश सरकारले उद्योग र कृषि क्षेत्रमा सम्बन्धित पक्षका बिच समन्वयकारी र सहजकर्ताको भूमिका निर्वाह गर्न सक्छ।

## घ. सरकार र निजी क्षेत्रको सहकार्य प्रवर्द्धन

प्रदेशको कृषि क्षेत्रको सुधार गरी अर्थतन्त्रलाई थप सबल बनाउन सरकार, उत्पादक, कृषि सहकारी र निजी क्षेत्रको सहकार्य आवश्यक छ। यी सबै क्षेत्रले आपसी हित र आवश्यकतामा आधारित रहेर प्रभावकारी सहकार्य गर्न सकेमा कृषि क्षेत्रलाई आर्थिक वृद्धिको आधार बनाउन सक्ने सम्भवना छ। कोशी प्रदेशको कृषि क्षेत्रको विकासमा सम्बन्धित सरोकारवालाहरूले निम्नानुसार संस्थागत तथा व्यवस्थापकीय सुधार गर्नु आवश्यक छ।

**तालिका: संस्थागत तथा ब्यवस्थापकीय सुधार**

| निकाय | संस्थागत व्यवस्थापन | व्यवस्थापकीय सुधार | नीतिगत व्यवस्थापन |
|---|---|---|---|
| सरकारी निकाय | स्वीकृत संगठन र दरबन्दी अनुसार पदपूर्ति गर्ने, प्रदेशमा अनुसन्धान निकायहरूको व्यवस्था, कार्यरत निकायहरूको क्षमता अभिवृद्धि। | प्रदेशको आवश्यकता केन्द्रित अनुसन्धानको पद्धति संस्थागत गर्ने, कृषि प्राविधिकहरूलाई प्रविधि परीक्षण र प्रसारमा केन्द्रित गर्ने, कार्यक्रम, रणनीति र प्रविधि प्रसारमा डिजिटल प्रविधिको प्रयोग तथा बिस्तार, प्राविधिकहरूको समय सान्दर्भिक ज्ञान सीप अभिवृद्धि, बीउ तथा मलखाद्यको सहज आपूर्ति र सरल पहुँच सुनिश्चित गर्ने। | हाल कार्यान्वयनमा रहेको मल वितरण निर्देशिकाले ठूला फर्म र सहकारीमा नरहेका किसानहरूलाई नसमेट्ने हुनाले यसलाई तत्काल परिमार्जन गर्ने। नेपालबाट हुने निर्यात ब्यापारका लागि बजार प्रवर्द्धन र व्यापार सहजीकरण, नेपालबाट भारतमा निर्यात हुने सबै खाले तरकारीहरूको निर्यात सूचिमा समावेस, विदेशबाट ल्याइने नश्ल, जात, बीउ आदिको पैठारीलाई झण्झटमुक्त, पारदर्शी बनाउने र निर्णय प्रकृयालाई सरल र छिटो बनाउने, प्रदेशमा रहेका अनुसन्धान केन्द्रहरू र कृषि फर्महरू कर्मचारी सहित प्रदेशलाई हस्तान्तरण, कृषि वस्तुहरूको उत्पादक र उपभोक्ता बीचको मूल्य अन्तरको अनुगमन र नितिगत नियमन। |

| निकाय | संस्थागत व्यवस्थापन | व्यवस्थापकीय सुधार | नीतिगत व्यवस्थापन |
|---|---|---|---|
| उत्पादकहरू | उत्पादन परिमाण बढाउन सांगठनिक उत्पादन वा सहकारीकरण, भण्डारण र बजारीकरणका लागि सहकार्य, भौतिक पूर्वाधार निर्माण र सञ्चालनमा साझेदारी | बजारको मागमा आधारित उत्पादन, उत्पादनको विविधिकरण तथा संयुक्त बजारीकरण, आफ्नो उत्पादनको सफाई, ग्रेडिङ प्याकेजिङ र उपयुक्त किसिमले ढुवानी । प्रशोधन उद्योग केन्द्रित गरी ठूलो मात्रामा उत्पादन । | भौतिक पूर्वाधार निर्माणमा सरकारी लगानी र क्लस्टर वा ठूलो परिमाणमा उत्पादन प्रवर्द्धनका लागि उपयुक्त नीति र सरल कार्यविधि । |
| निजी क्षेत्र उद्योगीहरू र कृषि सहकारीहरू | सम्झौता केन्द्रित उत्पादन प्रशोधनको भरपर्दो सञ्जाल निर्माण | स्वदेशी उत्पादन केन्द्रित भण्डारण, प्रशोधन व्यवस्थापन, सम्भावनाको नयाँ क्षेत्रहरूको खोजी तथा सहकार्य, निर्यात बजारको खोजी तथा व्यवस्थापन, व्यवसायिक र ठूलो परिमाणमा उत्पादनका लगानी वा उत्पादकलाई सहयोग । | यसको प्रवर्धन गर्ने सहयोगरु नीति/कार्यविधिहरू |
| थोक तथा खुद्रा व्यापारीहरू | भौतिक तथा व्यवसायिक क्षमता बिस्तार | सक्षम र पारदर्शी र दीगो बजार व्यवस्थापनका लागि संस्थागत क्षमता विकास र पूर्वाधार विकास र उत्पादनको प्रवर्द्धनमा सहकार्य | यसको प्रवर्द्धन गर्ने सहयोगी नीति/कार्यविधिहरू |
| कृषि सामाग्री बिक्रेताहरू | अनुगमन र नियमन गर्ने सक्षम निकाय | मानव तथा पशु स्वास्थ्य केन्द्रित गुणस्तरीय कृषि सामाग्रीहरूको पारदर्शी आपूर्ति र प्रभावकारी वितरण । | उपलब्ध कानुनी प्रबन्धमा आवश्यक सुधार । |
| बीउ बेर्ना पाठापाठी तथा भुरा उत्पादकहरू | क्षमता विकास र उपलब्ध स्रोत साधनको प्रभावकारी व्यवस्थापन | बीउ बेर्ना पाठापाठी भुराहरूको सुपथ मूल्यमा नियमित तथा गुणस्तरीय आपूर्ति व्यवस्थापन | यसलाई सहजीकरण गर्ने नीति तथा कार्यविधि |

## ङ. उत्पादन क्लस्टरको विकास

प्रदेशमा उत्पादनका अनेक सम्भावना रहेको भए पनि सरकार र निजी क्षेत्रलाई तुलनात्मक लाभका क्षेत्र पहिचान गरेर उत्पादनलाई प्राथमिकीकरण गर्नुपर्छ। स्थानीय अवस्था अनुसार सम्बन्धित स्थानीय तहले आफ्नो प्राथमिकता निर्धारण गर्न सक्ने भए पनि प्रदेश सरकारले भने प्रदेशको समग्र पक्ष र स्रोत साधनको सीमिततालाई मध्ये नजर गरी तिनको उत्पादन, भण्डारण, बजारीकरण, उद्योग र सेवा क्षेत्रसँगको सम्बन्ध अभिवृद्धि लगाएका कामलाई थप प्रभावकारी बनाउन र सम्बन्धित उत्पादनबाट अतिरिक्त आर्थिक वृद्धि हाँसिल गर्न सम्भाव्य भौगोलिक क्षेत्रमा क्लस्टर निर्माण गरी नमूनाका रुपमा कार्यहरू सुरुवात गर्नु आवश्यक छ। यसका लागि कृषि अर्थतन्त्रमा बढी योगदान रहेका वा रहनसक्ने वस्तुलाई नेतृत्वदायी उत्पादन मानेर अन्य उत्पादनलाई सहायक उत्पादनमा समेटी अन्तर स्थानीय तहमा रहेका स्थानीय सरकार, उत्पादक, व्यवसायी र अन्य सरोकारवालाहरूका बिचमा सहकार्य प्रवर्द्धन गर्न सकिन्छ। क्लस्टर निर्माण गर्दा सीमा जोडिएका स्थानीय तहहरूका बिचमा अधिकतम साझेदारी प्रवर्द्धन गर्नु उपयुक्त हुन्छ। सुरुवातका लागि तल उल्लेखित केही सम्भाव्य क्लस्टरलाई लिन सकिन्छ। यी क्षेत्रहरू केहि व्यावसायिक रुपमा विकसित हुँदै गरेका र एउटा खास वस्तुको उत्पादनमा लामो समयदेखि आबद्ध रहेका छन्। यसमध्ये कतिपय स्थानीय तहका बिचमा सिमाना जोडिएको छ भने उल्लिखित कतिपय स्थानीय तहमा जोडिनसक्ने अन्य स्थानीय तह हुन सक्छन्। केही व्यवस्थापकीय सुधार तथा सहकार्य प्रवर्द्धन गरी उल्लिखित क्लस्टरबाट कृषि क्षेत्रमा नमूना योग्य परिवर्तन ल्याउन सम्भव छ।

## तालिकाः कृषि क्षेत्रमा नमूना योग्य परिवर्तन

| कृषिवस्तु/ उत्पादन | भण्डारण बजारीकरण | प्रशोधनको सम्भावना | सम्भावित क्लस्टरहरू | मुख्य भूमिका | सहयोगी भूमिका |
|---|---|---|---|---|---|
| धान | | | मोरङको बेलबारी, कानेपोखरी, रंगेली र रतुवामाई नगरपालिकाहरू, झापाको केचनाकवल, दमक, शिवसताक्षी, कमल गाँउपालिका, सुनसरीको बर्जु, दुहवी, भादगाँउ सिनुवारी | धान उत्पादक, सहकारी र धान मिलहरू | संघ, प्रदेश र स्थानीय तहहरू, धान बीउ उत्पादकहरू |
| मकै | | | मोरङ, झापा, सुनसरीका हुलाकी राजमार्ग आसपासका स्थानीय तहहरू | मकै उत्पादक, कृषि सहकारीहरू र पशुदाना उद्योगहरू | संघ, प्रदेश र स्थानीय तहहरू, मकै बीउ आपूर्तिकर्ताहरू |
| आलु | | | सुनसरीको देवानगञ्ज र हरिनगरा नगरपालिका, धनकुटाको/तेह्रथुमका बसन्तपुर र महालक्ष्मी नगरपालिका, ओखलढुङ्गाको सिद्धिचरण नगरपालिका र आसपासका क्षेत्र बुङ्ग आलुको लागि | आलु उत्पादकहरू/ सहकारीहरू, शीत भण्डार सञ्चालकहरू, आलु व्यापारीहरू, उद्योगीहरू | संघ, प्रदेश र स्थानीय तहहरू, आलु बीउ उत्पादकहरू |
| केरा | | | मोरङको सुन्दर हरैचा र बेलबारी नगरपालिका, झापाको कन्काइ नगरपालिका र आसपासका क्षेत्र | केरा उत्पादक तथा सहकारीहरू | संघ, प्रदेश र स्थानीय तहहरू, केरा बेर्ना उत्पादकहरू |
| दूध | | | इलामको सुर्योदय नगरपालिका र इलाम, धनकुटा/तेह्रथुमको महालक्ष्मी र लालीगुराँस नगरपालिका, झापाको मेची नगरपालिका र बुद्धशान्ति नगरपालिका | दूध उत्पादक, दूध उत्पादक सहकारी, डेरी/धुलो दूध कारखानाहरू, चिज र छुर्पी उत्पादकहरू | संघ, प्रदेश र स्थानीय तहहरू |

## च. सरकारी सहयोगको प्रभावकारिता विस्तार

कृषि व्यवसायको रुपान्तरण र व्यवसायीकरणका लागि मूलतः उत्पादन वृद्धि र उत्पादन लागत न्यूनिकरण र उत्पादित वस्तुको सङ्कलन, भण्डारण, प्रशोधन र व्यापारको पक्षलाई दुई भिन्न तर अन्तरसम्बन्धित विषयमा ध्यान दिनुपर्छ। उत्पादन लागत कम गर्न उत्पादन सामाग्रीको मूल्य र आपूर्ति तथा कृषिमा यान्त्रिकरणलाई प्राथमिकतामा दिनु आवश्यक छ। उत्पादित वस्तुहरूको सङ्कलन, भण्डारण, प्रशोधनका लागि चाहिने भौतिक पूर्वाधारको विकास र व्यवस्थापनलाई प्राथमिकतामा राख्नु आवश्यक छ। नेपाल सरकारको कृषि तथा पशुपन्छी विकास मन्त्रालय अन्तर्गत दिइने सबैभन्दा ठूलो बजेटको हिस्सा रासायनिक मलको अनुदान र कृषि ऋणमा ब्याज अनुदानमा जान्छ। तर अर्बौको यो अनुदानको सर्वसाधारणले अनुभूत गरेका छैनन्। त्यसपछि सरकारको प्राथमिकता कृषि पूर्वाधारको विकासमा खर्च हुने गरेको छ। पूर्वाधार विकासमा सरकारको लगानीको प्रभावकारिताको भने लेखाजोखा गर्नुपर्ने समय आएको। कृषि पूर्वाधार विकासमा कोशी प्रदेश सरकारले पनि लगानी गर्न थालेको अवस्था यो पक्षलाई सुरुवातदेखि नै महत्व दिनु आवश्यक छ।

कोशी प्रदेशमा धुलो दूध कारखाना, दुग्ध ढुवानीका साधनहरूको प्रबन्ध, दुग्ध चिस्यान केन्द्रहरू, शीत भण्डारहरूको निर्माण, कृषि यान्त्रिकरणको लागि कष्टम हायरिङ केन्द्रहरूको स्थापना र कृषि औजारमा अनुदान, गोदाम घरहरूको निर्माण, चिया प्रशोधन तथा बिक्री प्रवर्द्धन केन्द्रहरूको निर्माण, मत्स्य र ह्याचरीहरूका पूर्वाधार निर्माण, पशुवस्तु, बंगुर, बाखा र मौरी श्रोत केन्द्रहरूको विकास जस्ता भौतिक पूर्वाधार विकासमा लगानी भएका छन्। प्रदेश सरकारका

यी कार्यक्रमले धेरै किसानलाई लाभ पुगेको देखिन्छ । नगद वा जिन्सी अनुदानका कार्यक्रमले भने सम्बन्धित सबै किसानलाई नसमेट्ने भएकाले त्यस्तो सहयोग नपाउने अधिकांशले अनुदानको पारदर्शिता र न्यायपूर्ण वितरणका सवालमा प्रश्न गर्ने गरेको पाइन्छ । कतिपय सन्दर्भमा सरकारी कार्यक्रममा रहेका कमजोरी भन्दा पनि कर्मचारीको प्रवृत्तिगत समस्याले पनि यस्तो अवस्था आएको हुनसक्छ ।

सर्वसाधारण किसानहरूको अनुभूति र अनुदान प्रक्रियामा भएका अपारदर्शी क्रियाकलापमा सुधार ल्याउनका लागि भौतिक पूर्वाधार विकास र उत्पादन सामाग्रीमा अनुदानको प्रक्रियालाई पारदर्शी र सहभागितामूलक बनाउन नीतिगत र संस्थागत सुधार गर्नु आवश्यक छ । यस बाहेक प्रक्रियागत सरलीकरण र पारदर्शिता प्रवर्द्धनका विषयमा सामान्य सुधारले पनि उल्लेख्य परिवर्तन ल्याउन सक्छ । पुँजीगत अनुदान, उत्पादन सामग्रीमा दिइने अनुदान र उत्पादनमा आधारित अनुदानलाई उत्पादनको प्रकृति र सम्बन्धित उत्पादकको लगानी समेतको आधारमा थप व्यवस्थित गर्नु पर्नेछ । यसतर्फ प्रदेश सरकारले केही काम अघि बढाएको पनि देखिन्छ । यद्यपि कृषि मन्त्रालय र अन्तर्गतका निकायहरूमा हाल उपलब्ध स्रोत साधनबाट यस्ता कार्यलाई सघन रुपमा अघि बढाउन सहज भने छैन । जुन सम्भव छ । स्वीकृत दरबन्दी अनुसारका पर्याप्त कर्मचारीहरू र कार्यक्रम कार्यान्वयनका लागि चाहिने अधिकार प्रदेशमा हस्तान्तरण भएमा यसलाई अघि बढाउन प्रदेश सरकारलाई सहज हुनेछ ।

## २.४. सम्भाव्य उत्पादन केन्द्रित रणनीतिक प्राथमिकता

कोशी प्रदेशको आर्थिक वृद्धिका लागि तुलनात्मक रुपमा ज्यादा योगदान गर्नसक्ने विभिन्न कृषि वस्तु मध्ये कतिपय उत्पादन विधि, आवश्यक प्राविधिक सहायता, पूर्वाधार र बजारीकरण प्राथमिकतामा समानता हुनुपर्ने देखिन्छ । उत्पादनको विशिष्ठताका आधारमा सम्वन्धित वस्तु केन्द्रित विशेष प्राथमिकता निर्धारण गर्नु आवश्यक छ । यस आधारमा समान र विशिष्ठ सुझाव सहित कृषि क्षेत्रमा पहिचान भएका आर्थिक वृद्धि सम्भाव्य वस्तुका लागि रणनीतिक सुझाव क्रमशः प्रस्तुत गरिएको छ ।

### क. धान

विगत दुई दशकमा कोशी प्रदेशको धान खेतीको क्षेत्रफल क्षेत्रफल क्रमशः घटिरहेको छ । आर्थिक वर्ष २०६०/०६१ मा कोशी प्रदेशको ३६५ हजार हेक्टरमा भइरहेको धान खेती पछिल्ला वर्षहरूमा वर्षाको अनुकुलतामा ३३० हजार हेक्टरको सेरोफेरोमा रहने गरेको छ । यसरी प्रदेशको झण्डै ३० हजार हेक्टर भन्दा धेरै क्षेत्रफल धानखेतीबाट अन्यत्र गएको देखिन्छ । धानखेतीको क्षेत्रफल झापा, मोरङ्ग र सुनसरीबाट सबैभन्दा धेरै घटेको छ । खेती गरिने क्षेत्रफल घटिरहेको भए पनि धानको सरदर उत्पादकत्व भने बढ्दै गइरहेको छ । चैते सिजनमा उन्नत जातको बीउ र सिँचाइ सुविधाको उपलब्धता बढ्दा पहाड र तराई सबैतिर धानको सरदर उत्पादकत्व वर्षे सिजन भन्दा धेरै छ । पछिल्ला वर्षहरूमा चैते सिजनको धानको उत्पादकत्व ५ टन/हेक्टरको हाराहारीमा छ । यो वर्षे सिजनमा भन्दा झण्डै प्रतिहेक्टर एक टनले बढी हो । यसले व्यवस्थापनमा सुधार ल्याएर समग्र धान उत्पादन ५ टन/हे. सजिलै पुऱ्याउन सकिने देखाउँछ । धानको उत्पादनसँगै भित्र्याउने, सुकाउने र भण्डारण गर्ने विषय महत्वपूर्ण रहेका छन् । धान कटानीमा कम्बाइन हार्भेष्टरको प्रयोगले बाली कटानी तथा थ्रेसिङ खर्च आधाजसो घटाउन सकिन्छ । तर कम्बाइन हार्भेष्टरको प्रयोगसँगै धान सुकाउने र भण्डारण सुविधा उपलब्ध हुनु आवश्यक छ । चैते धानको लागि यस्तो सुविधा अत्यन्त जरुरी देखिन्छ ।

धानको उत्पादनसँगै बजार व्यवस्थापन, मूल्य, मुनाफाको पक्ष जोडिएर आउँछ । नेपाल सरकारका निकायका अनुसन्धानले सिफारिस गरेका र सरकारी संयन्त्र मार्फत प्रचार प्रसार गरिएका धानका जातहरू, बजार माग र धान मिलहरूले प्रयोग गरिरहेका धानको अवस्थाका बिचमा ठूलो अन्तर छ । धान मिलहरू तथा धान खरिदकर्ताहरूले खरिद गरिरहेका धानहरू मध्ये दुई तिहाई भन्दा धेरै धानका जातहरू हाम्रो सरकारी संयन्त्रबाट सिफारिस गरिए भन्दा फरक रहेका छन् । धान मिलहरूको पहिलो रोजाईमा रहेको जिरा मसिनो ब्राण्डको धान प्रायः भारतबाट आउने

गरेको छ भने अन्य उपभोक्ताका रोजाईका धानको जात पनि नेपालमा उपलब्ध नहुँदा आयात भइरहेको छ। यो धानको आन्तरिक उत्पादन राम्रो हुँदा पनि धानको आयातमा कमी नआउनुको एउटा महत्वपूर्ण कारण हो। यसको समाधानका लागि उपभोक्ताको माग रहेका जातहरू वा गुणस्तरका धानका जातहरूको खेती प्रवर्द्धन हुनु आवश्यक छ।

**तालिका: रणनीतिक सुझाव तथा जिम्मेवार पक्ष**

| रणनीतिक सुझावहरू | जिम्मेवारी |
|---|---|
| **क. उत्पादन र उत्पादकत्व वृद्धि**<br>● धानका भौगोलिक विविधता अनुसार उच्च उत्पादन दिने, छोटो अवधिका तथा बजार माग अनुसारका मसिनो जातहरूको परीक्षण तथा प्रवर्द्धन<br>● धानको गुणस्तरीय बीउ उत्पादन<br>● आधुनिक औजार तथा प्रविधि, गुणस्तरीय र बढी उत्पादन दिने बीउको प्रयोग लगायत विधि मार्फत धानको उन्नत खेती व्यवस्थापन<br>● धानमा लाग्ने रोग किराको व्यवस्थापन | ● नेपाल कृषि अनुसन्धान परिषद, निजी बीउ उत्पादन केन्द्रहरू र अन्य सरकारी फार्महरू, निजी क्षेत्र<br>● धान बीउ उत्पादन श्रोत केन्द्रहरू, निजी बीउ उत्पादकहरू, बीउ व्यवसायीहरू, बीउ बिजन प्रयोगशाला<br>● नेपाल कृषि अनुसन्धान परिषद, कृषि ज्ञान केन्द्रहरू, संघ/स्थानीय तहका कृषि कार्यालयहरू<br>● नेपाल कृषि अनुसन्धान परिषद, कृषि ज्ञान केन्द्रहरू र स्थानीय तहका कृषि शाखाहरू |
| **ख. प्रशोधन वा मूल्य अभिवृद्धि**<br>● मिलिङ उद्योगको प्रवर्द्धन मार्फत धान प्रशोधन, ब्राण्डिङ र प्याकेजिङ<br>● धानको ब्यापार र धान मिललाई मूल्य अभिवृद्धिका माध्यमको रुपमा विकास र प्रवर्द्धन।<br>● उच्च मूल्यका स्थानीय जातहरूको प्रवर्धन | ● निजी क्षेत्र, सहकारी तथा सरकारको सहकार्यमा<br>● निजी क्षेत्र/धान मिलहरू, सहकारीहरू, सरकारी निकायहरूले सहजीकरण गर्ने, खाद्य प्रयोगशालाहरू<br>● प्रदेशमा कार्यरत आयोजनाहरू, सरकारी निकायहरू र निजी क्षेत्र |
| **ग. बजारीकरण**<br>● आन्तरिक बजार मागमा आधारित रहेर गरिएका उत्पादनको प्रदेशभित्र र बाहिरका प्रमुख बजार लक्षित बजारीकरण।<br>● उच्च गुणस्तरका चामलको ब्राण्डिङ गरी बाह्य बजारमा बिक्रीको सम्भावना पहिचान र निर्यात<br>● उच्च मूल्यका स्थानीय जातहरूको बजार प्रवर्द्धन | ● धान चामल खरिदकर्ता/थोक बिक्रेताहरू, धान उत्पादकहरू, धान मिलहरू<br>● धान मिल, चामल बिक्रेताहरू, खाद्य प्रयोगशाला, नेपाल सरकार<br>● उत्पादक सहकारी, निजी क्षेत्र, सुपरमार्केटहरू, प्राङ्गारिक बजार |
| **घ. संस्थागत र नीतिगत प्रबन्ध तथा सुधार**<br>● धानका जातहरूको विविधता र उपलब्धता बढाउने<br>● धानका नयाँ बीउ, जात आपूर्तिमा सहजीकरण<br>● वायरहाउस निर्माण र सञ्चालन सम्बन्धी सम्बन्धी नीति नियम र मापदण्ड निर्माण | ● नेपाल कृषि अनुसन्धान परिषद, राष्ट्रिय धान अनुसन्धान कार्यक्रम, संघ र प्रदेशका कृषि निकायहरू<br>● संघीय कृषि तथा पशुपन्छी विकास मन्त्रालय र सम्बन्धित कार्यालयहरू तथा प्रदेश सरकार र अन्तर्गतका निकाय<br>● संघीय र प्रदेश सरकार |
| **ङ. पूर्वाधार विकास**<br>● धान भण्डारण, ड्रायर सुविधा बिस्तार<br>● कृषि यान्त्रिकरणका लागि कृषियन्त्रहरूको कस्टम हायरिङ केन्द्रहरूको स्थापना तथा बिस्तार<br>● धान भण्डारणको निर्माण तथा ब्यवस्थापन<br>● निजी र सहकारी क्षेत्रबाट सञ्चालित धान मिल तथा अन्य प्रशोधन उद्योगहरूको प्रवर्द्धन<br>● उत्पादन क्षेत्र, उत्पादन प्रवृत्ति, बालीको प्रतिस्थापनको अभ्यास आदिका आधारमा सिँचाइ सुविधाको विविधिकरण र विस्तार | ● निजी क्षेत्र, कृषि सहकारीहरू, संघ र प्रदेश सरकारहरू, कोशी प्रदेशमा कार्यरत आयोजनाहरू |
| **च. वित्तीय पहुँच**<br>● व्यावसायिक धान उत्पादन तथा धानमा आधारित प्रशोधन उद्योगलाई पूर्वाधार विकासमा अनुदान र सहुलियतपूर्ण ऋणका लागि सहजीकरण। | ● प्रदेश र स्थानीय सरकार तथा बैंक तथा वित्तीय संस्थाहरू |

## ख. मकै

मकै नेपालमा खेती गरिने धानपछि दोस्रो महत्वपूर्ण बाली हो । कोशी प्रदेशको कृषि अर्थतन्त्रमा मकैले १० प्रतिशत भन्दा बढी योगदान गर्दै आएको छ। प्रमुख खाद्यान्न बालीको रुपमा खेती गरिँदै आएको मकै पछिल्लो समय पशुपालन क्षेत्रको बिस्तार र दाना उद्योगहरूको विकाससँगै महत्वपूर्ण नगदेबालीको रुपमा विकास भइरहेको छ। कोशी प्रदेशमा ३ लाख हेक्टर भन्दा बढी क्षेत्रफलमा खेती भएर ९ लाख टन भन्दा धेरै उत्पादन भइरहेको मकै बालीको सरदर उत्पादकत्व ३ टन/हेक्टर भन्दा धेरै छ। तर मुख्य नगदेबालीको रुपमा झापा, मोरङ र सुनसरी जिल्लाहरूमा हिँउदे सिजनमा उन्नत तरिकाले गरिने मकैको खेतीको सरदर उत्पादन ८ टन/हेक्टर भन्दा धेरै रहेको छ। यी जिल्लाहरूमा १२ देखि १४ टन/हेक्टर सम्म पनि उत्पादन प्राप्त गरेका सफल उदाहरण पनि छन्। उच्च उत्पादकत्व, बजारको उपलब्धता र सन्तोषजनक मूल्य प्राप्त हुने हुनाले अनेक प्रतिकुलताका बावजुद मकै खेतीको क्षेत्रफल र उत्पादन निरन्तर बढिरहेको छ । थोरै परिमाणमा हुने उत्पादन, बजार सूचनाको कमी र बजार व्यवस्थापनमा सहयोग गर्ने निकाय नभएकाले साना मकै उत्पादकले भने बजार र मूल्य नपाउने समस्या भोगिरहेको पाइन्छ। यद्यपि यसलाई बजार र मूल्यको समस्या नभई बजार व्यवस्थापन र बजारीकरणको क्षमतामा रहेको समस्याका रुपमा लिएर सोही अनुसार सुधारात्मक कदम चाल्नु आवश्यक छ।

नेपालमा मकैको आयात सन् २०१० पछि यो निरन्तर बढिरहेको पाइन्छ। पछिल्ला वर्षहरूमा रु. २० अर्ब भन्दा धेरैको ६ लाख टन भन्दा धेरै मकै आयात भइरहेको छत । कोशी प्रदेशमा खेती भइरहेको मकैको उत्पादकत्वमा धेरै अन्तर रहेको छ। यहाँ हेक्टरको १ टन भन्दा कमदेखि १० टन भन्दा धेरै फलाउने कृषकहरू रहेका छन्। त्यसैले खेती गर्ने तरिका र मकैको उत्पादनशील जातको व्यवस्थापन गरेर मकैको उत्पादनमा आमुल परिवर्तन ल्याउन सकिन्छ। मकै भित्र्याउने बेलामा सबैभन्दा कम बिक्री मूल्य भएर त्यसको ३ देखि ४ महिनाभित्र सरदर किलोको १० रुपैयाँ भन्दा बढी बजार भाउ पुग्ने भएकाले मकै उत्पादनपछिको केही महिनाको भण्डारण उत्पादकहरूको मुनाफा बढाउन धेरै सहयोगी हुने देखिन्छ । त्यसकारण मकै खेती र यसबाट प्राप्त हुने मुनाफा बढाउन मकै सुकाउने तथा भण्डारण सुविधाको बिस्तारलाई लाभदायक विकल्पका रुपमा विस्तार गर्नुपर्ने देखिन्छ।

### तालिकाः रणनीतिक सुझाव तथा जिम्मेवार पक्ष

| रणनीतिक सुझावहरू | जिम्मेवारी |
|---|---|
| **क. उत्पादन र उत्पादकत्व वृद्धि**<br>● भौगोलिक विविधता अनुसार उच्च उत्पादन दिने मकैका जातहरूको परीक्षण र प्रवर्द्धन तथा किसानको अनुभवमा आधारित रहेर उत्पादनशील बीउको सूचिकरण र सूचिकृत उन्नत बीउ आयातमा सहजीकरण ।<br>● मकैको गुणस्तरीय बीउ उत्पादन तथा व्यवस्थापन<br>● मकैको उन्नत खेती व्यवस्थापन<br>● उत्पादनको सीप र क्षमता विकास तथा प्राविधिक सहयोग विस्तार | ● नेपाल कृषि अनुसन्धान परिषद, राष्ट्रिय मकै अनुसन्धान कार्यक्रम, निजी बीउ उत्पादन केन्द्रहरू र अन्य सरकारी फार्महरू, निजी क्षेत्र<br>● मकै बीउ उत्पादन श्रोत केन्द्रहरू, निजी बीउ उत्पादकहरू, बीउ व्यवसायीहरू, बीउ विजन प्रयोगशाला<br>● नेपाल कृषि अनुसन्धान परिषद, कृषि ज्ञान केन्द्रहरू, संघ/स्थानीय तहका कृषि कार्यालयहरू<br>● नेपाल कृषि अनुसन्धान परिषद, कृषि ज्ञान केन्द्रहरू र स्थानीय तहका कृषि शाखाहरू |
| **ख. मूल्य अभिवृद्धि**<br>● दाना उद्योगको कच्चा पदार्थका रुपमा स्थानीय मकैको उपयोग बिस्तार तथा मकैको प्रशोधन र मकै र मकैमा आधारित औद्योगिक वस्तुको ब्राण्डिङ र प्याकेजिङ<br>● स्थानीय मकैमा आधारित उद्योगको प्रवर्द्धन (पिठो, दाना, कर्नफ्लेक्स आदि)<br>● उच्च मूल्यका मकै जातहरूको प्रवर्द्धन, मकैको ग्रेडिङ, ब्राण्डिङ र प्याकेजिङ | ● निजी क्षेत्र, सहकारी तथा सरकारको सहकार्यमा<br>● निजी क्षेत्र/दाना उद्योगहरू, सहकारीहरू, सरकारी निकायहरूले सहजीकरण गर्ने, खाद्य प्रयोगशालाहरू<br>● मकै उत्पादक, प्रदेशमा कार्यरत आयोजनाहरू, सरकारी निकायहरू र निजी क्षेत्र |

| रणनीतिक सुझावहरू | जिम्मेवारी |
|---|---|
| **ग. बजारीकरण** (आन्तरिक र बाह्य बजार)<br>● मकैको भण्डारण तथा औद्योगिक कच्चा पदार्थ तथा उपभोग्य वस्तुका रुपमा आन्तरिक बजारमा बजारीकरण<br>● पशुदानाको प्रदेशभित्र र ब ाहिरको बजारमा प्रवर्द्धन र बिक्री<br>● उच्च मूल्यका स्वीटकर्न, बेबीकर्नहरूको विशिष्ठ बजार पहिचान र प्रवर्द्धन<br>● कर्नफ्लो, कर्नफेक्स लगायतको औद्योगिक उत्पादनको स्थानीय पहिचान सहितको ब्राण्डिङ, प्रवर्द्धन र बिक्री वितरण | ● मकै खरिदकर्ता/थोक बिक्रेताहरू, पशुदाना उद्योगहरू, अन्य मकै उद्योगहरू<br>● दाना उद्योग, दाना बिक्रेताहरू, खाद्य परीक्षण प्रयोगशाला, नेपाल सरकार<br>● उत्पादक, सहकारी, निजी क्षेत्र, सुपरमार्केटहरू, प्राङ्गारिक बजार |
| **घ. संस्थागत र नीतिगत प्रबन्ध तथा सुधार**<br>● मकैका जातहरूको विविधता र उपलब्धता विस्तार<br>● मकैका नयाँ बीउ, जात आपूर्तिमा सहजीकरण<br>● मकै भण्डारणका लागि वायरहाउस, उपकरणहरूको कस्टम हायरिङ, विभिन्न चरणमा उपलब्ध गराइने पुँजीगत र अन्य अनुदान तथा सहायता तथा स्थानीय उत्पादनको प्रशोधन उद्योगको प्रवर्द्धन सम्बन्धी नीति, कानुन र मापदण्ड | ● राष्ट्रिय मकैबाली अनुसन्धान कार्यक्रम, संघ र प्रदेशका कृषि निकायहरू<br>● संघीय कृषि तथा पशुपन्छी विकास मन्त्रालय र सम्बन्धित कार्यालयहरू<br>● संघीय सरकार, प्रदेश सरकार |
| **ङ. पूर्वाधार विकास**<br>● उत्पादन प्रवृत्ति र सम्भाव्यताका आधारमा सिँचाइ पूर्वाधारको विकास<br>● मकै भण्डारण, ड्रायर सुविधा बिस्तार<br>● कृषि यान्त्रिकरणका लागि कृषियन्त्रहरूको कस्टम हायरिङ केन्द्रहरूको स्थापना तथा बिस्तार<br>● मकै सुकाउने/ड्रायर सुविधाको बिस्तार<br>● मकै भण्डारहरूको निर्माण तथा व्यवस्थापन<br>● दाना मिल तथा अन्य मकैमा प्रशोधन उद्योगहरूको प्रवर्द्धन<br>● उत्पादन प्रवृत्ति र सम्भाव्यताका आधारमा सिँचाइ पूर्वाधारको विकास | ● निजी क्षेत्र, कृषि सहकारीहरू, संघ र प्रदेश सरकारहरू, कोशी प्रदेशमा कार्यरत आयोजनाहरू<br>● निजी क्षेत्र, प्रदेश सरकार, स्थानीय सरकारहरू |
| **च. वित्तीय पहुँच**<br>● कृषि कर्जा प्राप्तिमा सहयोग र सहजीकरण तथा सहकारी र निजी क्षेत्रलाई मकैमा आधारित उद्योगका लागि आवश्यक पूर्वाधार विकासमा अनुदान तथा सहुलियत | ● संघ, प्रदेश र स्थानीय सरकार एवं बैंक तथा वित्तीय संस्थाहरू |

## ग. गहुँ

गहुँ कोशी प्रदेशको तेस्रो धेरै खेती हुने अन्नबाली हो । प्रदेशका सबै जिल्लाहरूमा गहुँ खेती हुने गरेको छ । कोशी प्रदेशको ५५ देखि ६५ हजार हेक्टरमा गहुँको खेती भएर यसबाट १ लाख ४० हजार टन भन्दा धेरै उत्पादन हुने गरेको छ । सुनसरी जिल्लामा गहुँको उत्पादकत्व ३ टन/हेक्टर भन्दा केही बढी भए पनि अन्य सबै जिल्लाहरूमा यसको उत्पादकत्व ३ टन भन्दा तल रहेको छ । निम्न उत्पादकत्व र पछिल्लो समयमा बढ्दै गएको खेती खर्चका कारण किसानहरू गहुँ खेतीबाट बढी मुनाफा दिने मकै तथा तोरी खेतीतर्फ आकर्षित भइरहेका छन् । तोरी, आलु प्रतिस्पर्धी बालीको तुलनामा लाभदायक बनाउन नसक्दा खाद्य प्रशोधन उद्योगको महत्वपूर्ण कच्चा पादर्थ रहेको गहुँको मूल्य अभिवृद्धि निरन्तर खस्कदो छ । यसलाई दृष्टिगत गरी गहुँको प्रतिस्पर्धी क्षमता विकास गर्न सकिने विकल्प बारे कोशी प्रदेश सरकारले विस्तृत अध्ययन गरी निष्कर्षमा पुग्नुपर्ने अवस्था छ ।

बिक्रीको लागि सहज बजार उपलब्ध हुने र मूल्यमा स्थिरता भएको कारण केही किसानहरूले यसलाई निरन्तरता दिइरहेका छन् । गहुँ पनि नेपालमा आयात भइरहेको एउटा प्रमुख कृषि वस्तु भएको र उन्नत बीउ र समय अनुकुल प्रविधिहरूको (जस्तैः बिना खनजोत गहुँ खेती, समयमा बाली लगाउने र मलजलको उचित व्यवस्थापन) प्रयोगबाट

यसको उत्पादकत्व तथा उत्पादन ४ टन/हेक्टरसम्म बढाउन सकिन्छ । यसबाट गहुँ खेतीमा केही सुधार ल्याउन सकिन्छ । गहुँ कोशी प्रदेशको कृषि अर्थतन्त्रको सकारात्मक वृद्धिमा योगदान गर्न सक्ने अवस्था तत्काल नदेखिएको भए पनि गहुँ र गहुँमा आधारित औद्योगिक उत्पादनको विविधता र सबै चरणमा रहेको बजारलाई ध्यान दिएर गहुँ सम्बन्धी नीति तथा कार्यक्रम तय गर्नु आवश्यक देखिन्छ ।

### तालिकाः रणनीतिक सुझाव तथा जिम्मेवार पक्ष

| रणनीतिक सुझावहरू | जिम्मेवारी |
| --- | --- |
| **क. उत्पादन र उत्पादकत्व वृद्धि**<br>● गहुँ उत्पादन हुने जग्गाको ऊर्वरा शक्ति जागाउने र बढाउने विधिहरू पहिचान र प्रभावकारी कार्यान्वयन<br>● गहुँका उन्नत जातहरूको परीक्षण तथा प्रवर्द्धन<br>● गहुँको गुणस्तरीय बीउ उत्पादन तथा उत्पादित बीउको उत्पादनशीलताका आधारमा प्रवर्द्धन र वितरण | ● नेपाल कृषि अनुसन्धान परिषद, निजी बीउ उत्पादन केन्द्रहरू र अन्य सरकारी फार्महरू, निजी क्षेत्र<br>● गहुँ बीउ उत्पादन श्रोत केन्द्रहरू, निजी बीउ उत्पादकहरू, बीउ व्यवसायीहरू, बीउ विजन प्रयोगशाला<br>● नेपाल कृषि अनुसन्धान परिषद, कृषि ज्ञान केन्द्रहरू, स्थानीय तहका कृषि शाखाहरू |
| **क. उत्पादन र उत्पादकत्व वृद्धि**<br>● उन्नत खेती र रोग किराको पहिचान र निदानका लागि किसानको क्षमता विकास र प्राविधिक सहयोगको समयवद्ध उपलब्धता | ● नेपाल कृषि अनुसन्धान परिषद, कृषि ज्ञान केन्द्रहरू र स्थानीय तहका कृषि शाखाहरू |
| **ख. प्रशोधन वा मूल्य अभिवृद्धि**<br>● गहुँ भण्डारण, ड्रायर सुविधा बिस्तार<br>● गहुँमा आधारित प्रशोधन उद्योगका लागि कच्चा पदार्थको सुनिश्चिता हुने गरी उत्पादक र उद्योगी बिचको सम्झौता तथा स्थानीय उत्पादनको ब्राण्डिङ र प्रवर्द्धन | ● निजी क्षेत्र, सहकारी तथा प्रदेश सरकारको सहकार्यमा<br>● निजी क्षेत्र/धान मिलहरू, सहकारीहरू, सरकारी निकायहरूले सहजीकरण गर्ने, खाद्य प्रयोगशालाहरू |
| **ग. बजारीकरण**<br>● आन्तरिक बजारमा औद्योगिक कच्चा पदार्थका रुपमा बजारीकरण<br>● स्थानीय उत्पादनमा आधारित प्रशोधन उद्योगका उत्पादनको प्रवर्द्धन | ● गहुँ खरिदकर्ता/थोक बिक्रेताहरू, गहुँ उत्पादकहरू, मैदा मिलहरू |
| **घ. संस्थागत र नीतिगत प्रबन्ध तथा सुधार**<br>● गहुँका जातहरूको परीक्षण र उपलब्धता बढाउने<br>● गहुँका मौसम अनुकुल जात आपूर्ति | ● नेपाल कृषि अनुसन्धान परिषद, राष्ट्रिय गहुँ अनुसन्धान कार्यक्रम, संघ र प्रदेशका कृषि निकायहरू<br>● संघीय कृषि तथा पशुपन्छी विकास मन्त्रालय र सम्बन्धित कार्यालयहरू<br>● संघ, प्रदेश र स्थानीय सरकारहरू |
| **ङ. पूर्वाधार विकास**<br>● कृषि यान्त्रिकरणका लागि कृषियन्त्रहरूको कस्टम हायरिङ केन्द्रहरूको स्थापना तथा बिस्तार<br>● गहुँ सुकाउने/ड्रायर सुविधाको बिस्तार<br>● गहुँ भण्डारहरूको निर्माण तथा व्यवस्थापन<br>● मैदा मिल तथा अन्य प्रशोधन उद्योगहरूको प्रवर्द्धन | ● निजी क्षेत्र, कृषि सहकारीहरू, संघ र प्रदेश सरकारहरू, कोशी प्रदेशमा कार्यरत आयोजनाहरू |
| **च. वित्तीय पहुँच**<br>● व्यवसायीक गहुँ खेतीका लागि सहुलियतपूर्ण कृषि कर्जा प्राप्तिमा सहजीकरण | ● प्रदेश सरकार, बैंक तथा वित्तीय संस्था र सहकारी |

## घ. कोदो

कोदो नेपालको रैथाने बाली हो । सुख्खा सहने, कम हेरचाहमा पनि फल्ने, मकैसँग घुसुवा बालीको रुपमा पनि खेती गर्न सकिने भएकाले पहाड, भित्री मधेस तथा तराईमा यसको खेती गरिन्छ । स्थानीय रक्सी, जाँड, तोङ्वा बनाउन र पिठोको रोटी तथा अन्य परिकार बनाउन यसको माग रहेकाले बजारको माग रहेको छन् । नेपालमा कोदोको माग धान्न वार्षिक रु. ७० करोड भन्दा बढीको कोदो आयात हुने गरेको छ । कोदोको परिकार प्रयोगको संस्कृति बढ्दै गएको र कोदोमा आधारित रक्सीको औद्योगिक उत्पादनको सम्भावना पनि रहेको सन्दर्भमा यसको उत्पादन बढाउन सके बजार अझ विस्तार हुन सक्ने देखिन्छ । कोदोको व्यवसायीक खेतीको अभ्यास बढाउन सकेमा माग धान्न मात्र नभई अतिरिक्त माग सिर्जना पनि गर्न सकिने भएकाले कोशी प्रदेश सरकारले यसमा ध्यान दिनु उपयुक्त हुन्छ । उन्नत जातहरूको प्रयोग तथा खेती व्यवस्थापनमा सुधार गरी यसको उत्पादन बढाउन सकिन्छ ।

### तालिका: रणनीतिक सुझाव तथा जिम्मेवार पक्ष

| रणनीतिक सुझावहरू | जिम्मेवारी |
|---|---|
| **क. उत्पादन र उत्पादकत्व वृद्धि**<br>● कोदोका बढी उत्पादन दिने जातहरूको विकास र प्रवर्द्धन<br>● कोदोको व्यवसायीक खेतीका लागि सम्भाव्य क्षेत्र पहिचान र प्रवर्द्धन<br>● कोदोको उन्नत खेती व्यवस्थापन | ● नेपाल कृषि अनुसन्धान परिषद, निजी बीउ उत्पादन केन्द्रहरू र अन्य सरकारी फार्महरू, निजी क्षेत्र<br>● कोदो बीउ उत्पादन श्रोत केन्द्रहरू, निजी बीउ उत्पादकहरू, बीउ व्यवसायीहरू, बीउ विजन प्रयोगशाला<br>● स्थानीय सरकार, कृषक र निजी क्षेत्र |
| **ख. प्रशोधन वा मूल्य अभिवृद्धि**<br>● कोदो प्रशोधन, प्याकेजिङ, ब्राण्डिङ (पिठो, मदिरा आदि)<br>● स्थानीय होटल तथा रेस्टुराँबाट कोदोमा आधारित पक्वान तयारी र प्रवर्द्धन | ● निजी क्षेत्र/मैदा मिलहरू, सहकारीहरू, सरकारी निकायहरूले सहजकीरण गर्ने, खाद्य प्रयोगशालाहरू |
| **ग. बजारीकरण**<br>● आन्तरिक र बाह्य बजारका लागि कोदोको पिठोको ब्राण्डिङ, प्याकेजिङ र प्रवर्द्धन<br>● कोदोमा आधारित मदिराको मापदण्ड निर्धारण र पारदर्शी बजारीकरण | ● कोदोका खरिदकर्ता/थोक बिक्रेताहरू, कोदो उत्पादकहरू, सहकारीहरू<br>● संघीय सरकार र निजी क्षेत्र |
| **घ. संस्थागत र नीतिगत प्रबन्ध तथा सुधार**<br>● कोदोका जातहरूको परीक्षण र उपलब्धता बढाउने<br>● कोदोका भौगोलिक अनुकुलताका जातहरू आपूर्ति<br>● कोदोका स्थानीय मदिरा उत्पादन, ब्राण्डिङ र प्रवर्द्धन | ● नेपाल कृषि अनुसन्धान परिषद, राष्ट्रिय गहुँ अनुसन्धान कार्यक्रम, संघ र प्रदेशका कृषि निकायहरू<br>● संघीय कृषि तथा पशुपन्छी विकास मन्त्रालय र सम्बन्धित कार्यालयहरू<br>● प्रदेश कृषि मन्त्रालय, खाद्य प्रविधि प्रयोगशाला, निजी क्षेत्र |
| **ङ. पूर्वाधार विकास**<br>● कोदो मिल तथा अन्य प्रशोधन उद्योगहरूको प्रवर्द्धन<br>● खकोदो उत्पादन, भित्र्याउने तथा भण्डारण गर्ने उपकरणको विकास उपयोग प्रवर्द्धन | ● निजी क्षेत्र, कृषि सहकारीहरू, संघ र प्रदेश सरकारहरू, कोशी प्रदेशमा कार्यरत आयोजनाहरू<br>● प्रदेश सरकार, प्रदेश कृषि मन्त्रालय |
| **च. वित्तीय पहुँच**<br>● व्यवसायीक कोदो खेतीका लागि कृषि कर्जाका लागि सहजीकरण<br>● कोदोमा आधारित प्रशोधन उद्योग सञ्चालनमा सहयोग<br>● उन्नत कोदो खेती प्रवर्द्धन औजारहरुको विकास तथा उत्पादनमा आधारित साना किसान अनुदान । | ● प्रदेश र स्थानीय सरकार तथा बैंक तथा वित्तीय संस्था र सहकारी<br>● स्थानीय तह मार्फत .संघ तथा प्रदेश सरकार |

## ङ. अलैंची

नेपाल विश्वकै प्रमुख अलैंची उत्पादक देश हो । अलैंची उत्पादनको अधिकांश हिस्सा कोशी प्रदेशले ओगट्दै आएको छ । यो प्रदेशबाट निर्यात हुने कृषि उत्पादनमध्ये सबैभन्दा ठूलो बाली पनि हो । नेपालबाट यसको उपयोग हुने देशहरूमा सिधा निर्यात हुन नसक्दा नेपाली अलैंचीको पहिचान भारतीय उत्पादनको रुपमा भइरहेको अवस्था छ । यसैले नेपाली अलैंची उत्पादकहरूले आफ्नो उत्पादनको उचित र स्थिर मूल्य पाउन सकिरहेका छैनन् । यसका साथै पछिल्ला वर्षहरूमा अलैंची बगानहरूको व्यवस्थापनको कमी तथा रोग किराहरूको कारण अलैंचीको उत्पादन घटिरहेको छ । यद्यपि उत्पादन क्षेत्र विस्तार भइरहेकोले अलैंचीको निरन्तर सकारात्मक मूल्य अभिवृद्धि भइरहेको छ । यसको उत्पादन र बजार व्यवस्थापनमा सुधार गर्नसके यो नेपालको पहिचान दिने तथा हजारौं किसानहरूको जिविकोपार्जन उठाउन सहयोगी हुनसक्छ भने समग्र कोशी प्रदेशको आर्थिक वृद्धि बढाउन समेत अलैंचीको महत्वपूर्ण योगदान हुनसक्ने देखिन्छ ।

**तालिकाः रणनीतिक सुझाव तथा जिम्मेवार पक्ष**

| रणनीतिक सुझावहरू | जिम्मेवारी |
|---|---|
| **क. उत्पादन र उत्पादकत्व वृद्धि**<br>● स्वास्थ बिरुवाको प्रयोग गरी नयाँ बगैंचा स्थापना<br>● बगैंचाको खाद्यतत्व व्यवस्थापन<br>● रोग किराको पहिचानका लागि निरन्तर अध्ययन अनुसन्धान र निदानका उपायहरूको प्रभावकारिता विस्तार<br>● उचाई र भौगोलिक विविधता अनुकुल नयाँ जातको परीक्षण, सिफारिस र प्रसार | ● किसान, निजी नर्सरीहरू, प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, प्रदेश तथा स्थानीय सरकार<br>● किसान, प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, प्रदेश तथा स्थानीय सरकार<br>● नेपाल कृषि अनुसन्धान परिषद्, प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, प्रदेश र स्थानीय सरकार |
| **ख. प्रशोधन वा मूल्य अभिवृद्धि**<br>● अलैंचीमा आधारित प्रशोधन उद्योगको प्रवर्द्धन<br>● इलेक्ट्रिक भट्टाबाट निश्चित मापदण्डमा आधारित सुकाई, प्याकेजिङ र ब्राण्डिङ । | ● अलैंची उत्पादकहरू, सुरुवाती क्युरिङ र ड्राइङको लागि<br>● निजी क्षेत्र, अलैंची ब्यापारीहरू संकलन प्रशोधन प्याकेजिङ र ब्राण्डिङको लागि |
| **ग. बजारिकरण** (आन्तरिक र बाह्य बजार)<br>● भारत बाहेकका देशहरूमा बजार बिस्तार<br>● नेपाली उत्पादनको पहिचान सुनिश्चित हुने गरी ब्राण्डिङ र प्याकेजिङ सहितको निर्यात तथा भारतमा भइरहेको कारोबारको पारदर्शिता तथा स्थायित्व विकास<br>● आन्तरिक बजारको पहिचान तथा प्रसार | ● संघ, प्रदेश सरकार तथा उद्योग वाणिज्य संघ, अलैंची व्यवसायी संघ<br>● अलैंची व्यवसायी संघ, अलैंची व्यवसायीहरू र वाणिज्य मन्त्रालय<br>● संघ, प्रदेश सरकार तथा उद्योग वाणिज्य संघ, अलैंची ब्यावसायि संघ र कोशी प्रदेशमा कार्यरत विभिन्न परियोजनाहरू |
| **घ. संस्थागत र नीतिगत प्रबन्ध तथा सुधार**<br>● अलैंचीको ब्यापार बिस्तारमा एकद्वार नीति<br>● नेपालको आफनो ब्राण्डमा अलैंची निकासी<br>● अलैंचीको गुणस्तर सुधार तथा व्यवस्थापन | ● अलैंची व्यवसायीहरू र सरकारी निकायहरू<br>● अलैंची उद्यमीहरू, अलैंची ब्यापारीहरू, नेपाल सरकारका निकायहरू<br>● अलैंची उत्पादक, अलैंची उद्यमी, अलैंची ब्यापारीहरू र नेपाल सरकारका निकायहरू |
| **ङ. पूर्वाधार विकास**<br>● उत्पादन स्थलमा अलैंची सुकाउने तथा भण्डारण<br>● अलैंची संकलन, ग्रेडिङ तथा भण्डारण क्षमता विकास<br>● अलैंची प्रशोधन उद्योग स्थापना तथा सञ्चालन<br>● अलैंची ब्लकचेन ट्रेसिङ तथा ब्राण्ड स्थापना | ● किसानहरू, विभिन्न तहका सरकारी परियोजनाहरू तथा कार्यालयहरू<br>● अलैंची ब्यापारीहरू, र संघ तथा प्रदेशस्तरका सरकारी निकायहरू<br>● निजी क्षेत्र, सहकारीहरू, सरकारी निकायहरू, कोशी प्रदेशमा कार्यरत आयोजनाहरू<br>● कोशी प्रदेशमा कार्यरत आयोजनाहरू र प्रदेश तथा संघीय कृषि मन्त्रालय, अलैंची व्यवसायीहरू |

| रणनीतिक सुझावहरू | जिम्मेवारी |
|---|---|
| **च. वित्तीय पहुँच**<br>● कृषि ऋणमा सहजीकरण<br>● उत्पादनमा आधारित अनुदान र पुँजीगत अनुदान<br>● जोखिम व्यवस्थापनका लागि बिमा सहभागिता विस्तार | ● संघीय सरकार मार्फत बैंक तथा वित्तीय संस्था र सहकारी<br>● संघ, प्रदेश र स्थानीय सरकार |

## च. अदुवा

अदुवा उत्पादन गर्ने विश्वका प्रमुख देशहरूमा नेपाल पनि पर्दछ । कोशी प्रदेशले देशभरि उत्पादन हुने अदुवाको एकतिहाई भन्दा धेरै हिस्सा ओगटेको छ । यो प्रदेशमा उत्पादन हुने प्रायः अदुवा आलो नै निर्यात हुने गरेको छ । यो प्रदेशमा निर्माण भएका अदुवा धुने तथा सुकाउने र अदुवाको प्रशोधन गर्ने उद्योगहरू राम्ररी चल्न सकेका छैनन् । यी उद्योगलाई पूर्ण क्षमतामा चलाउनु आवश्यक छ । अदुवा उत्पादन परिमाण तथा राम्रा जातहरूको प्रयोगबाट उत्पादनको गुणस्तर बढाउनु पनि त्यतिकै आवश्यक छ । कृषि प्रदेशको कृषि अर्थतन्त्रमा उल्लेख्य योगदान र सकारात्मक मूल्य अभिवृद्धि हाँसिल भइरहेको अदुवाका लागि उल्लिखित प्राथमिकतामा आधारित रहेर कार्य गर्नसके यसबाट प्रदेशको अर्थतन्त्रमा थप योगदान पुग्ने देखिन्छ ।

**तालिकाः रणनीतिक सुझाव तथा जिम्मेवार पक्ष**

| रणनीतिक सुझावहरू | जिम्मेवारी |
|---|---|
| **क. उत्पादन र उत्पादकत्व वृद्धि**<br>● अदुवाका नयाँ जातहरूको परीक्षण, सिफारिस र प्रसार<br>● अदुवा खेती व्यवस्थापन प्रविधि तालिम<br>● अदुवा रोग किरा व्यवस्थापन लगायत उत्पादन चक्रका सबै चरणमा प्राविधिक सहायतको सहज र सरल उपलब्धता | ● नेपाल कृषि अनुसन्धान परिषद, संघ प्रदेश र स्थानीय तहहरू, कृषि सहकारीहरू<br>● संघ, प्रदेश र स्थानीय तहका कृषि कार्यालयहरू र तालिम केन्द्रहरू<br>● नेपाल कृषि अनुसन्धान परिषद, कृषि ज्ञान केन्द्र र स्थानीय तहका कृषि शाखाहरू |
| **ख. प्रशोधन वा मूल्य अभिवृद्धि**<br>● अदुवा धुने, सफा गर्ने र सुकाउनेज<br>● अदुवा सुठो तथा अन्य प्रशोधन<br>● अदुवाको केण्डी, तेल, तथा अन्य उत्पादन प्रवर्द्धन | ● अदुवा उत्पादक, संकलनकर्ता तथा ब्यापारीहरू<br>● अदुवा प्रशोधन उद्योग तथा उद्यमीहरू, नेपाल सरकारका निकायहरू<br>● अदुवा उद्यमी रप्रदेश सरकार (नेपाल सरकारका निकायहरू सहकार्यका लागि) |
| **ग. बजारीकरण**<br>● अदुवा संकलन, ग्रेडिङ, प्याकेजिङ तथा ब्राण्डिङ<br>● अदुवाको आन्तरिक तथा बाह्य बजारको पहिचान र फरक फरक बजारीकरण रणनीतिको कार्यान्वयन<br>● भारतीय बजारमा सहज पहुँचका लागि कुटनीतिक प्रयास | ● अदुवा ब्यापारीहरू, उद्यमीहरू<br>● अदुवा प्रशोधनकर्ताहरू तथा ब्यापारीहरू र नेपाल सरकारका आयोजना तथा कार्यालयहरू<br>● प्रदेश सरकार र निजी क्षेत्रसँगको समन्वयमा संघीय सरकार र अन्तर्गतका निकाय |
| **घ. संस्थागत र नीतिगत प्रबन्ध तथा सुधार**<br>● अदुवा निर्यातका लागि प्रयोगशाला तथा परीक्षणको प्रबन्ध<br>● अदुवा निर्यातकालागि नितिगत सुधार तथा समन्वय | ● नेपाल सरकार (संघ तथा प्रदेश सरकार) तथा निजी प्रयोगशालाहरू<br>● नेपाल सरकार संघीय मन्त्रालयहरू (कृषि तथा उद्योग वाणिज्य मन्त्रालय), उद्योग वाणिज्य संघहरू |

| रणनीतिक सुझावहरू | जिम्मेवारी |
|---|---|
| **ङ. पूर्वाधार विकास** | |
| ● अदुवा धुलाई तथा सुकाउने केन्द्रहरूको बिस्तार | ● निजी क्षेत्र, अदुवा व्यवसायीहरू र नेपाल सरकार (आयोजनाहरू, संघ तथा प्रदेश मन्त्रालय) |
| ● अदुवा भण्डारण तथा प्रशोधन केन्द्रहरू स्थापना<br>● अदुवा प्रशोधन उद्योगको सहयोगी पूर्वाधार विकास | ● निजी क्षेत्र, अदुवा व्यवसायीहरू र नेपाल सरकार (आयोजनाहरू, संघ तथा प्रदेश मन्त्रालय) |
| **च. वित्तीय पहुँच** | |
| ● सहुलियतपूर्ण कृषि कर्जाको पहुँच विस्तार<br>● भण्डारण र ढुवानी अनुदान<br>● अदुवाको व्यावसायीक उत्पादन र प्रशोधन उद्योगका लागि पुँजीगत अनुदानको प्रबन्ध | ● नेपाल सरकार, कृषि ऋण (बैंक तथा वित्तीय संस्था र सहकारीहरु)<br>● संघ, प्रदेश र स्थानीय सरकारहरू |

## ६. आलु

आलु नेपालको कृषि उत्पादनको एउटा प्रमुख बाली हो । कोशी प्रदेशको कृषि अर्थतन्त्रमा योगदान गर्ने सबैभन्दा प्रमुख नगदेबाली आलु हो । यसको मूल्य अभिवृद्धि दर पनि निरन्तर सकारात्मक रहँदै आएको छ । यसका बावजुद आन्तरिक उत्पादन अपर्याप्त भई आलुको आयात हरेक वर्ष बढिरहेको छ । भन्सार विभागको तथ्याङ्क अनुसार सन् २०२१ मा ९ अर्ब भन्दा बढीको ३ लाख ३२ हजार टन भन्दा धेरै आलु आयात भएको थियो । नेपालमा आलुको सरदर उत्पादकत्व १५ टन प्रति हेक्टर रहेको छ । उन्नत तरिकाले आलु खेती गर्ने आलु उत्पादकहरूले यस प्रदेशमा ४० देखि ६० टन प्रति हेक्टरसम्म आलु फलाइरहेका छन् । यसलाई दृष्टान्त मानेर आलुको उत्पादन र भण्डारणमा सुधार र व्यवस्थापन गर्न सके आलुमा आत्मनिर्भर हुन सकिन्छ र अर्बौको आन्तरिक बजार पाउन सकिन्छ । कोशी प्रदेशमा आलु उत्पादन, बजारीकरण र मूल्य अभिवृद्धि प्रवर्द्धनका लागि निम्न विषयलाई प्राथमिकतामा राख्नु आवश्यक छ ।

**तालिका: रणनीतिक सुझाव तथा जिम्मेवार पक्ष**

| रणनीतिक सुझावहरू | जिम्मेवारी |
|---|---|
| **क. उत्पादन र उत्पादकत्व वृद्धि** | |
| ● आलुका उच्च उत्पादन दिने तथा विभिन्न उद्योगहरू तथा आलुका परिकारलाई चाहिने जातहरूको परीक्षण तथा प्रवर्द्धन<br>● आलुको गुणस्तरीय बीउ उत्पादन (टिपिएस, प्रिबेसिक)<br>● आलु खेतीको उन्नत खेती व्यवस्थापन<br>● आलुका रोग किराको व्यवस्थापन | ● नेपाल कृषि अनुसन्धान परिषद, आलु बीउ उत्पादन केन्द्रहरू र अन्य सरकारी फार्महरू, निजी क्षेत्र<br>● आलु बीउ उत्पादन केन्द्रहरू, निजी बीउ उत्पादकहरू, आलु बीउ व्यवसायीहरू<br>● नेपाल सरकारका विभिन्न निकायहरू, आलु उत्पादक सहकारीहरू र आलु किसान<br>● नेपाल कृषि अनुसन्धान परिषद, कृषि ज्ञान केन्द्रहरू र स्थानीय तहका कृषि शाखाहरू |
| **ख. प्रशोधन वा मूल्य अभिवृद्धि** | |
| ● प्रशोधन, प्याकेजिङ, ब्राण्डिङ (फ्रेन्चफ्राइज, आलु चिप्स आदि)<br>● आलुका खाद्य परिकार प्रवर्द्धन | ● निजी क्षेत्र, सहकारी तथा सरकारको सहकार्यमा<br>● निजी क्षेत्र तथा आलु सहकारीहरू, सरकारी निकायहरूले सहजीकरण गर्ने, खाद्य प्रयोगशालाहरू<br>● आलु उत्पादक, होटल रेष्टुरेन्टहरू, प्रदेशमा कार्यरत आयोजनाहरू र सरकारी निकायहरू |
| **ग. बजारीकरण** | |
| ● आलुको वर्गीकरण र जातका आधारमा स्तरीकरण गरी आन्तरिक बजारमा बिक्री प्रवर्द्धन | ● शीत भण्डार सञ्चालकहरू, आलु व्यापारीहरू, आलु उत्पादक सहकारीहरू |

| रणनीतिक सुझावहरू | जिम्मेवारी |
|---|---|
| **ग. बजारीकरण**<br>● बैमोसमी तथा उच्च पहाडमा उत्पादित आलुको ब्राण्डिङसहित आन्तरिक र बाह्य बजारमा प्रवर्द्धन | ● उत्पादक, शीतभण्डार सञ्चालकहरू, होटल रेष्टुरेन्टहरू र प्राङ्गारिक उत्पादक बिक्रेताहरू |
| **घ. संस्थागत र नीतिगत प्रबन्ध तथा सुधार**<br>● आलु आपूर्तिमा भौगोलिक विविधताको उपयोग<br>● बीउ, जात आपूर्तिमा सहजीकरण | ● संघ र प्रदेशका कृषि निकायहरू, नेपाल कृषि अनुसन्धान परिषद<br>● संघीय कृषि तथा पशुपन्छी विकास मन्त्रालय र सम्बन्धित कार्यालयहरू |
| **ङ. पूर्वाधार विकास**<br>● आलु भण्डारण, शीत भण्डारहरूको निर्माण तथा व्यवस्थापन<br>● आलु प्रशोधन उद्योगहरूको प्रवर्द्धन<br>● आलु बीउको लागि टिस्युकल्चर ल्याबहरूको स्थापना तथा उपयोग | ● निजी क्षेत्र तथा संघ र प्रदेश सरकारहरू, कोशी प्रदेशमा कार्यरत आयोजनाहरू<br>● निजी क्षेत्र र प्रदेश मन्त्रालय, प्रदेशमा स्थापना भएका टिस्युकल्चर ल्याबहरू |
| **च. वित्तीय पहुँच**<br>● व्यवसायिक आलु उत्पादक, आलु प्रशोधनमा आधारित साना तथा मझौला उद्योग एवं आलु निर्यातमा उत्पादन र बिक्रीमा आधारित अनुदान<br>● सहुलितपूर्ण कर्जाको पहुँच विस्तार | ● संघ, प्रदेश र स्थानीय सरकार<br>● बैंक तथा वित्तीय संस्था र सहकारी |

## ज. तोरी

नेपाल विश्वको एक प्रमुख तोरी उत्पादक मुलुक हो । कोशी प्रदेशको कृषि अर्थतन्त्रमा पनि तोरीको २ प्रतिशत भन्दा बढी योगदान रहँदै आएको छ भने यसको मूल्य अभिवृद्धि पनि सकारात्मक रहँदै आएको छ । यस प्रदेशका लागि यो दोस्रो महत्वपूर्ण नगदेबाली हो । खाने तेलको मुख्य कच्चा पदार्थ रहेको तोरीको माग पनि बढिरहेकाले कोशी प्रदेशको मुख्य हिउँदे बालीको पहिचान बनाएको छ । तेलको उच्च मागले गर्दा स्वदेशी तेल उत्पादनको कच्चा पदार्थका रुपमा तोरी र तेलहनको उच्च आयात भइरहेकाले यसको प्रशस्त आन्तरिक बजार रहेको देखिन्छ । यसलाई दृष्टिगत गरी कोशी प्रदेशको आर्थिक वृद्धिमा योगदान गर्नसक्ने बालीका रुपमा लिएर तोरीको प्रवर्द्धन गर्नु आवश्यक छ ।

### तालिकाः रणनीतिक सुझाव तथा जिम्मेवार पक्ष

| रणनीतिक सुझावहरू | जिम्मेवारी |
|---|---|
| **क. उत्पादन र उत्पादकत्व वृद्धि**<br>● तोरीका बढी उत्पादन दिने जातहरूको परीक्षण, सिफारिस र प्रवर्द्धन<br>● तोरीको गुणस्तरीय बीउ उत्पादन<br>● क्लस्टर निर्माण गरी तोरीको लाभदायक परिमाणमा उत्पादनका लागि अन्तर स्थानीय तह सहकार्य | ● नेपाल कृषि अनुसन्धान परिषद, राष्ट्रिय तेलहन बाली विकास कार्यक्रम, बीउ उत्पादन कम्पनीहरू<br>● तोरी बीउ उत्पादन श्रोत केन्द्रहरू, निजी बीउ उत्पादकहरू, बीउ व्यवसायीहरू, बीउ विजन प्रयोगशाला<br>● प्रदेश र स्थानीय सरकारहरू |
| **ख. प्रशोधन वा मूल्य अभिवृद्धि**<br>● स्थानीय तोरीमा आधारित प्रशोधन उद्योगको प्रवर्द्धन र स्थानीय तथा प्रादेशिक पहिचान सहित ब्राण्डिङ, प्याकेजिङ र प्रवर्द्धन | ● निजी क्षेत्र/तेल मिलहरू, सहकारीहरू, सरकारी निकायहरूले सहजीकरण गर्ने, खाद्य प्रयोगशालाहरू |

| रणनीतिक सुझावहरू | जिम्मेवारी |
|---|---|
| **ग. बजारीकरण** | |
| ● पहाड तथा तराईमा उत्पादन हुने तोरीको बेग्लै ब्राण्डिङ सहित औद्योगिक कच्चा पदार्थ, तेलको आन्तरिक र बाह्य बजारमा प्रवर्द्धन । | ● तोरीका खरिदकर्ता/थोक बिक्रेताहरु, तोरी उत्पादकहरु, सहकारीहरु |
| **घ. संस्थागत र नीतिगत प्रबन्ध तथा सुधार** | |
| ● तोरीका जातहरूको परीक्षण र उपलब्धता बढाउने<br>● तोरीका भौगोलिक अनुकुलताका जातहरू आपूर्ति<br>● व्यवसायीक तोरी खेती प्रवर्द्धन तथा प्रशोधन उद्योग प्रवर्द्धनका लागि सहजीकरण गर्ने प्रादेशिक कानुन । | ● नेपाल कृषि अनुसन्धान परिषद, राष्ट्रिय गहुँ अनुसन्धान कार्यक्रम, संघ र प्रदेशका कृषि निकायहरू<br>● प्रदेशको आवश्यकताका आधारमा संघीय कृषि तथा पशुपन्छी विकास मन्त्रालय र सम्बन्धित कार्यालयहरू<br>● कोशी प्रदेश सरकार र प्रदेश सभा |
| **ङ. पूर्वाधार विकास** | |
| ● तेल मिल तथा अन्य प्रशोधन उद्योग स्थापनाका लागि सहयोगी पूर्वाधार विकास<br>● तोरीको जात परीक्षण तथा प्रवर्द्धन केन्द्र स्थापना | ● निजी क्षेत्र, कृषि सहकारीहरू, संघ र प्रदेश सरकारहरू, कोशी प्रदेशमा कार्यरत आयोजनाहरू<br>● प्रदेश सरकार, प्रदेश कृषि मन्त्रालय |
| **च. वित्तीय पहुँच** | |
| ● अनुदानको विधिलाई उत्पादन वा पुँजी लगानीमा आधारित बनाउने<br>● कृषि ऋणको सरल र सहज पहुँच सुनिश्चित गर्ने । | ● प्रदेश र स्थानीय सरकार<br>● बैंक तथा वित्तीय संस्था र सहकारी |

## झ. तरकारी

धानपछि नेपालमा दोश्रो ठूलो योगदान गर्ने कृषि बाली तरकारी हो । वर्षैभरि उत्पादन हुने र बजारमा माग भइरहेको हिसाबले आम्दानीको राम्रो श्रोतका रुपमा तरकारी खेतीलाई लिन सकिन्छ । तरकारी कोशी प्रदेशको कृषि अर्थतन्त्रमा १२ प्रतिशतसम्म योगदान गर्दै आएको छ । तरकारीको मूल्य अभिवृद्धि दर समेत सकारात्मक छ । कोभिड-१९ को प्रभावका कारण आर्थिक वर्ष २०७६/०७७ मा नकारात्मक मूल्य अभिवृद्धि व्यहोरेको तरकारीले अन्य वर्षहरुमा उल्लेख्य वृद्धि हाँसिल गरेको देखिन्छ । तरकारी कोशी प्रदेशबाट निर्यात हुने एउटा प्रमुख कृषि उत्पादन पनि हो । बजारको योजनासहित भौगोलिक विविधताको सदुपयोग गर्दै अगाडि जानसके तरकारी उत्पादन कोशी प्रदेशको एउटा महत्वपूर्ण योगदान गर्ने क्षेत्रको रुपमा अझ विकास गर्न सकिन्छ ।

**तालिका: रणनीतिक सुझाव तथा जिम्मेवार पक्ष**

| रणनीतिक सुझावहरू | जिम्मेवारी |
|---|---|
| **क. उत्पादन र उत्पादकत्व वृद्धि** | |
| ● तरकारीका भौगोलिक विविधता अनुसार उच्च उत्पादन दिने तथा बजार माग अनुसारका जातहरूको परीक्षण र प्रवर्द्धन<br>● तरकारी खेती हुने क्षेत्र समेटिएको क्लस्टर विकास र लाभदायक परिमाणमा तरकारी उत्पादनमा अन्तर स्थानीय तह सहकार्य ।<br>● विषादीरहित र अर्गानिक तरकारी उत्पादनलाई लाभदायक बनाउने गरी किसानको क्षमता विकास र प्राविधिक सहायता | ● नेपाल कृषि अनुसन्धान परिषद, तरकारी बीउ उत्पादन केन्द्रहरू र अन्य सरकारी फार्महरू, निजी क्षेत्र<br>● तरकारी बीउ उत्पादन केन्द्रहरू, निजी बीउ उत्पादकहरू, तरकारी बीउ व्यवसायीहरू<br>● कोशी प्रदेश सरकार र सम्बन्धित स्थानीय सरकारहरू, उत्पादक, व्यवसायी, उद्योगी आदि<br>● कृषि ज्ञान केन्द्र तथा स्थानीय तहका कृषि शाखाहरू |

| रणनीतिक सुझावहरू | जिम्मेवारी |
|---|---|
| **ख. प्रशोधन वा मूल्य अभिवृद्धि** | |
| ● स्थानीय पहिचानयुक्त तरकारीका जातको ब्राण्डिङ र प्याकेजिङ<br>● पर्यटन क्षेत्रबाट स्थानीय तरकारीको उपयोग विस्तार<br>● सुख्खा तरकारी उत्पादनलाई साना तथा घरेलु उद्योग मार्फत प्रवर्द्धन<br>● तरकारीमा आधारित प्रशोधन उद्योगको प्रवर्द्धन | ● निजी क्षेत्र, सहकारी तथा सरकारको सहकार्यमा निजी क्षेत्र तथा तरकारी सहकारीहरू, सरकारी निकायहरूले सहजीकरण गर्ने, खाद्य प्रयोगशालाहरू<br>● तरकारी उत्पादक, होटल रेष्टुरेन्टहरू, प्रदेशमा कार्यरत आयोजनाहरू र सरकारी निकायहरू<br>● स्थानीय सरकारको सहजीकरणमा निजी क्षेत्र, सहकारीहरू |
| **ग. बजारीकरण (आन्तरिक र बाह्य बजार)** | |
| ● प्रदेशभित्रका होटल तथा रेष्टुरेन्ट लक्षित बजार निर्माण र विस्तार<br>● बैमोसमी तथा उच्च पहाडमा उत्पादित तरकारीको बेग्लै पहिचान सहितको ब्राण्डिङ<br>● बाह्य बजार विस्तार र विविधिकरण<br>● कृषि हाट तथा तरकारी थोक तथा खुद्रा बजारहरूलाई प्रदेशका विशिष्ठ तरकारीको ब्राण्डिङ सहितको प्रवर्द्धन केन्द्रका रुपमा विकास | ● शीत भण्डार सञ्चालकहरू, तरकारी ब्यापारीहरू, तरकारी उत्पादक सहकारीहरू<br>● उत्पादक, शीत भण्डार सञ्चालकहरू, होटल रेष्टुरेन्टहरू र प्राङ्गारिक उत्पादक बिक्रेताहरू<br>● संघीय सरकार, प्रदेश सरकार, एकीकृत सहकारी, निजी क्षेत्र तथा कृषि आयोजनाहरू |
| **घ. संस्थागत र नीतिगत प्रबन्ध तथा सुधार** | |
| ● तरकारी आपूर्तिमा भौगोलिक विविधताको उपयोग<br>● उन्नत बीउ, जात आपूर्तिमा सहजीकरण<br>● निर्यात ब्यापारमा सहजीकरण (भारतसँगको सम्झौता संशोधन, निर्यात हुने तरकारीहरू लिस्टमा सामेल गर्ने, मुख्य सीमानाकामा ल्याब स्थापनाको पहल गर्ने)<br>● तरकारी निर्यात व्यवसाय तथा प्रशोधन उद्योगका लागि सहजीकरण गर्ने नीतिगत प्रबन्ध | ● संघ र प्रदेशका कृषि निकायहरू, नेपाल कृषि अनुसन्धान परिषद<br>● संघीय कृषि तथा पशुपन्छी विकास मन्त्रालय र सम्बन्धित कार्यालयहरू<br>● संघीय सरकार, प्लान्ट क्वारेन्टाइन, तरकारी उत्पादक सहकारीहरू, निजी क्षेत्र<br>● प्रदेश सरकार |
| **ङ. पूर्वाधार विकास** | |
| ● शीत भण्डारहरूको निर्माण तथा व्यवस्थापन<br>● तरकारी प्रशोधन उद्योगहरूको प्रवर्द्धन<br>● ढुवानी साधनहरू (वातानुकुलीत भ्यान/ट्रकहरू) को व्यवस्था | ● निजी क्षेत्र तथा संघ र प्रदेश सरकारहरू, कोशी प्रदेशमा कार्यरत आयोजनाहरू |
| **च. वित्तीय पहुँच** | |
| ● पहाडी भेगका लागि परिमाणमा आधारित रहेर सहकारी मार्फत तरकारी ढुवानी तथा शीत भण्डार प्रयोगमा अनुदान<br>● व्यवसायीक तरकारी खेती तथा तरकारीमा आधारित प्रशोधन उद्योगका लागि सहुलियतपूर्ण कर्जा | ● कोशी प्रदेश र स्थानीय सरकारहरू<br>● बैंक तथा वित्तीय संस्था र सहकारी |

## ञ. सुन्तला र अमिलो जातका फलफूल

सुन्तला र अमिलो जातका फलफूल मध्ये सुन्तला र कागती मुख्य बाली हुन् । कोशी प्रदेशको भौगोलिक विविधताले गर्दा पहाडमा सुन्तला तथा जुनार र तराई तथा भित्री मधेसमा कागती खेती बिस्तार गरी किसानहरूका लागि आम्दानीको राम्रो श्रोत बनाउन सकिन्छ । नेपालमा सुन्तला पाक्ने समयमा भारतीय सुन्तला बजारमा नपाइने हुँदा बजारमा खासै प्रतिस्पर्धा छैन । यद्यपि पछिल्लो समय रोग किराको समस्या तथा उन्नत जातको बिरुवाले पूरानो सुन्तलाको बोट प्रतिस्थापन गर्ने अभ्यास नहुँदा उत्पादनमा कमी आएको छ भने सुन्तला उपयुक्त ग्रेडिङ र प्याकेजिङ नगरी बजारमा लगिने हुँदा किसानहरूले अपेक्षित मूल्य पाउन सकेका छैनन् । नेपाली सुन्तला सकिन लाग्दा भारतबाट आउने किन्नो सुन्तला र नेपाली सुन्तला भन्दा अगाडि बजारमा लैजान सकिने जापानी सुन्तलाका उन्नत जातहरू भित्र्याएर बिस्तार गर्न सके सुन्तलाको उत्पादनलाई लामो समय बजारमा आपूर्ति गर्न सकिन्छ । नेपालमा वार्षिक १ अर्बभन्दा धेरैको सुन्तला आयात भइरहेको सन्दर्भमा सुन्तलाको आन्तरिक बजार ठूलो छ । यसरी नै बहु उपयोग हुने र मूल्य पाउन समेत सहज हुने कागतीको उत्पादन र बजार व्यवस्थापन गर्न सकिन्छ । यसरी परम्परागत फलफूल भए पनि कोशी प्रदेशको आर्थिक वृद्धिमा सुन्तला र अमिलो जातको फलफूलको योगदान अझै विस्तार गर्न सक्ने पर्याप्त सम्भावना छ ।

**तालिकाः रणनीतिक सुझाव तथा जिम्मेवार पक्ष**

| रणनीतिक सुझावहरू | जिम्मेवारी |
|---|---|
| **क. उत्पादन र उत्पादकत्व वृद्धि**<br>● सुन्तला र अमिलो जात फलफूलका उच्च उत्पादन दिने तथा बजार माग अनुसारका जातहरूको परीक्षण तथा प्रवर्द्धन एवं पूराना बिरुवालाई उन्नत बिरुवाबाट प्रतिस्थापन<br>● अमिलो जात फलफूलका गुणस्तरीय बिरुवा उत्पादन<br>● सुन्तला, जुनार र कागतीसँग सम्बन्धित रोग किराको पहिचान र निदान एवं उन्नत खेती विधिको बारे सचेतना एवं प्राविधिक सहायता | ● नेपाल कृषि अनुसन्धान परिषद, राष्ट्रिय सुन्तला जात फलफूल अनुसन्धान केन्द्र, बागबानी केन्द्रहरू र अन्य सरकारी फार्महरू, निजी क्षेत्र<br>● निजी नर्सरीहरू, राष्ट्रिय सुन्तला जात फलफूल अनुसन्धान केन्द्र, बागबानी केन्द्रहरू<br>● नेपाल सरकारका विभिन्न फार्महरू, अमिलो जात फलफूलका उत्पादकहरू<br>● कृषि ज्ञान केन्द्र तथा स्थानीय तहका कृषि शाखाहरू |
| **ख. प्रशोधन वा मूल्य अभिवृद्धि**<br>● सुन्तलाको जात र दानाको आकार प्रकारमा आधारित रहेर ग्रेडिङ, ब्राण्डिङ र प्याकेजिङ<br>● स्थानीय सुन्तला, जुनार र कागतीमा आधारित प्रशोधन उद्योगको प्रवर्द्धन | ● निजी क्षेत्र, सहकारी तथा सरकारको सहकार्यमा सम्बन्धित उत्पादक<br>● कोशी प्रदेश सरकार र निजी क्षेत्र |
| **ग. बजारीकरण (आन्तरिक र बाह्य बजार)**<br>● पूर्वी पहाडको सुन्तलाको ब्राण्डिङ र उचित प्याकेजिङ सहित आन्तरिक बजारमा प्रवर्द्धन<br>● वर्षभरि आपूर्तिको व्यवस्थापन (शीत भण्डारमा राखेर)<br>● स्थानीय सुन्तला तथा कागतीमा आधारित औद्योगिक उत्पादन (जुस, भेनेगर लगायत) को आन्तरिक र बाह्य बजारमा प्रवर्द्धन | ● उत्पादक तथा व्यवसायी<br>● संघीय सरकारसँगको समन्वय र कोशी प्रदेश तथा स्थानीय<br>● सरकारहरूसँगको आवश्यक सहकार्यमा निजी क्षेत्र |
| **घ. संस्थागत र नीतिगत प्रबन्ध तथा सुधार**<br>● बिरुवा, जात आपूर्तिमा सहजीकरण (जस्तै किन्नो)<br>● बिरुवा प्रतिस्थापन र भण्डारण सुविधाका लागि सरकारी सहयोगको नीतिगत प्रबन्ध<br>● स्थानीय प्रशोधन उद्योगका लागि प्रोत्साहनका कार्यक्रम | ● नेपाल कृषि अनुसन्धान परिषद, संघीय कृषि तथा पशुपन्छी विकास मन्त्रालय, प्लान्ट क्वारेन्टाइन<br>● कोशी प्रदेश सरकार र स्थानीय सरकारहरू |

| रणनीतिक सुझावहरू | जिम्मेवारी |
|---|---|
| **ङ. पूर्वाधार विकास**<br>● सुन्तला पोष्ट हार्भेष्ट केन्द्रहरूको निर्माण/व्यवस्थापन<br>● सुन्तला/जुनार प्रशोधन उद्योगहरूको प्रवर्द्धन<br>● ढुवानी साधनहरू (वातानुकुलीत भ्यान/ट्रकहरू) | ● निजी क्षेत्र, सहकारीहरू, संघ र प्रदेश सरकारहरू, कोशी प्रदेशमा सञ्चालित आयोजनाहरू<br>● निजी क्षेत्र, प्रदेश सरकार, कोशी प्रदेशमा कार्यरत आयोजनाहरू |
| **च. वित्तीय पहुँच**<br>● उत्पादन वा बिक्रीमा आधारित सरकारी अनुदान<br>● सहज कृषि कर्जा | ● प्रदेश र स्थानीय सरकारहरू<br>● बैंक तथा वित्तीय संस्था र सहकारी |

## ट. केरा

केरा कोशी प्रदेशको प्रमुख फलफूल हो । प्रदेशको झापा, मोरङ, सुनसरीमा उत्पादन हुने केराले आसपासका बजार हरूको साथै काठमाडौं लगायतका बजारहरूको ठूलो हिस्सा ओगटी रहेको छ । यसका बाबजुत नेपाली केराले बजार माग पूरा गर्न नसक्दा वार्षिक रु. २ अर्ब भन्दा धेरैको ७० हजार मेट्रिक टन भन्दा धेरै केरा आयात भएको पछिल्लो आँकडाले देखिन्छ। कोशी प्रदेशबाट मुख्यगरी मालभोग, बिलियम हाइब्रिड र चिनिया चम्पा जातका केराहरू उत्पादन भएर बजारमा आइरहेका छन्। अन्य धेरै जातका केराहरू यो प्रदेशमा परीक्षण र खेती बिस्तार गरी आन्तरिक बजार समेट्न र विस्तार गर्न सकिन्छ । यसरी नै थाइल्याण्ड लगायतका देशहरूमा केराको प्रशोधन गरी उत्पादन गरी बनाइने विभिन्न उत्पादनहरूको आधारमा प्रदेशभित्र केराको मूल्य अभिवृद्धि गर्न सकिन्छ। केराको उत्पादन संरक्षण गरी बजारसम्म पुऱ्याउने प्रविधि र अभ्यासमा सुधार गरेर उत्पादित केराको टिकाउ अवधि बढाउन पनि सकिन्छ।

**तालिकाः रणनीतिक सुझाव तथा जिम्मेवार पक्ष**

| रणनीतिक सुझावहरू | जिम्मेवारी |
|---|---|
| **क. उत्पादन र उत्पादकत्व वृद्धि**<br>● बढी उत्पादन योग्यता भएका र बजार माग अनुकुलका केराका जातहरूको परीक्षण तथा प्रवर्द्धन<br>● केराका गुणस्तरीय सकर/बिरुवा उत्पादन<br>● उन्नत केरा खेती र रोग किराको व्यवस्थापन सीप तथा प्राविधिक सहयोग विस्तार | ● नेपाल कृषि अनुसन्धान परिषद्, बागबानी केन्द्रहरू र अन्य सरकारी फार्महरू, निजी क्षेत्र<br>● निजी नर्सरीहरू, टिस्युकल्चर ल्याबहरू<br>● नेपाल सरकारका विभिन्न फार्महरू, केरा उत्पादक सहकारीहरू र केरा उत्पादक<br>● प्रदेश र स्थानीय सरकारहरू |
| **ख. प्रशोधन वा मूल्य अभिवृद्धि**<br>● केरामा आधारित चिप्स लगायतका प्रशोधन उद्योगहरूको प्रवर्द्धन<br>● केराका परिकार विविधिकरण र पर्यटक सत्कारमा प्रयोग<br>● केराको प्रजाति अनुसारको ब्राण्डिङ र प्याकेजिङ | ● निजी क्षेत्र, सहकारी तथा सरकारको सहकार्यमा<br>● निजी क्षेत्र तथा केरा उत्पादक सहकारीहरू, खाद्य प्रयोगशालाहरू<br>● केरा उत्पादक, सुपरमार्केटहरू, प्रदेशमा कार्यरत आयोजनाहरू र सरकारी निकायहरू |
| **ग. बजारीकरण**<br>● व्यवस्थित भण्डारण सहित र सुरक्षित प्याकेजिङ, ढुवानीका लागि सीप र प्रविधिको विस्तार<br>● वर्षभरि आपूर्तिको व्यवस्थापन गरी प्रदेशभित्र र बाहिरको बजारमा प्रवर्द्धन | ● केरा व्यापारीहरू, केरा उत्पादक सहकारीहरू<br>● उत्पादक, र प्राङ्गारिक उत्पादक बिक्रेताहरू |

| रणनीतिक सुझावहरू | जिम्मेवारी |
|---|---|
| **घ. संस्थागत र नीतिगत प्रबन्ध तथा सुधार** | |
| ● पहाडी भेगमा उत्पादित केराको बजार पहुँच प्रवर्द्धन, उन्नत जातको केराको परीक्षण, सिफारिस र खेतीका लागि प्राविधिक सहयोग<br>● सकर/बिरुवा, लाभदायक जात आपूर्तिमा सहजीकरण<br>● केराको भण्डारण, पकाउने विधि, ढुवानी आदिको मापदण्ड विकास | ● संघ र प्रदेशका कृषि निकायहरू, नेपाल कृषि अनुसन्धान परिषद्<br>● संघीय सरकार, प्रदेश सरकार, प्लान्ट क्वारेन्टाइन, केरा उत्पादक सहकारीहरू<br>● प्रदेश र स्थानीय सरकारहरू |
| **ङ. पूर्वाधार विकास** | |
| ● केरा पोष्ट हार्भेष्ट केन्द्रहरूको निर्माण/व्यवस्थापन<br>● केरा पकाउने तथा भण्डारण गृहको स्थापना<br>● केरा प्रशोधन उद्योगहरूको प्रवर्द्धन<br>● ढुवानी साधनहरू (वातानुकुलीत भ्यान/ट्रकहरू) | ● निजी क्षेत्र, सहकारीहरू, संघ र प्रदेश सरकारहरू तथा सरकार र गैरसरकारी निकायबाट कार्यान्वयनमा रहेका आयोजना तथा कार्यक्रमहरू |
| **च. वित्तीय पहुँच** | |
| ● केरा उत्पादन वा बिक्रीमा आधारित सरकारी अनुदान<br>● व्यवसायीक केरा खेतीका लागि सहज कृषि कर्जा | ● प्रदेश र स्थानीय सरकार<br>● बैंक तथा वित्तीय संस्था र सहकारी |

## ठ. दुग्ध पदार्थ (डेरी)

कोशी प्रदेश नेपालको एक प्रमुख दूध उत्पादन तथा प्रशोधन क्षेत्र हो । दूध र दूधबाट बन्ने चिज, छुर्पी, नौनी, घ्यु देशभित्र मात्र नभई विदेशमा समेत निर्यात भइरहेका उत्पादन हुन् । दुग्ध उत्पादनले कोशी प्रदेशको कृषि अर्थतन्त्रमा करिब १० प्रतिशत योगदान गर्ने गरेको छ भने पशुपालन क्षेत्रको करिब आधा हिस्सा दूध र दुग्ध पदार्थले ओगट्ने गरेको छ । दूध उत्पादन प्रशस्त हुने तथा दूधबाट बनेका उत्पादनहरूको विविधता डेरी उद्योग एउटा महत्वपूर्ण कृषि क्षेत्रको रुपमा विकास भइरहेको छ । यसैगरी पछिल्लो समय प्रदेशमा स्थापना भएका धुलो दूध कारखानाहरूले दूधको ठूलो अतिरिक्त बजार सिर्जना गरेका छन् । पहाडी क्षेत्रमा हुने घाँसेबालीको उत्पादन, गाईका उन्नत जातहरू र घाँसमा आधारित गाईपालनले दूध उत्पादन लागत घटाएको र यो क्षेत्रमा उत्पादित दूधको प्रतिस्पर्धी क्षमता बढाएको छ । यो कोशी प्रदेशको लागि सकारात्मक र सम्भावनायुक्त छ । कोभिड-१९ को महामारीपछि बढिरहेको चिज र छुर्पी उत्पादन र निकासीले नयाँ सम्भावनाहरू बढाई रहेको छ । यसका बाबजुत डेरी क्षेत्रको विकास र व्यवस्थापनमा व्यापक सुधार ल्याउन सकिने सम्भावना छ । यसबाट प्रदेशको आय र रोजगारी प्रवर्द्धनमा डेरी क्षेत्रको योगदान तथा आर्थिक वृद्धि बढाउन मद्दत पुग्नेछ ।

**तालिका: रणनीतिक सुझाव तथा जिम्मेवार पक्ष**

| रणनीतिक सुझावहरू | जिम्मेवारी |
|---|---|
| **क. उत्पादन र उत्पादकत्व वृद्धि** | |
| ● उपयुक्त नश्ल सम्बन्धी अध्ययन र विकास<br>● उन्नत नस्लका पशु तथा सिमेनको उपलब्धता<br>● पोषिलो घाँस तथा दानाको व्यवस्थापन<br>● पशु वस्तुको गोठ तथा हेरचाह व्यवस्थापन<br>● पशु वस्तुको स्वास्थ्य व्यवस्थापन<br>● उचित जाँच र मापदण्डका आधारमा उन्नत जातका गाई सिफारिस सहित आयातमा सकजीकरण | ● नेपाल कृषि अनुसन्धान परिषद, सिमेन बैंक, सरकारी फार्महरू, निजी क्षेत्र<br>● दाना उद्योग, भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र, स्थानीय तहका पशुसेवा शाखाहरू<br>● पशुपालक किसान, दुग्ध उत्पादक सहकारी<br>● भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र, स्थानीय तहका पशुसेवा शाखाहरू, पशुपालक किसान<br>● संघीय र प्रदेश सरकार |

| रणनीतिक सुझावहरू | जिम्मेवारी |
|---|---|
| **ख. प्रशोधन/मूल्य अभिवृद्धि**<br>● दुग्ध प्रशोधन उद्योग/ डेरी उद्योग कुशल व्यवस्थापन<br>● चिज, छुर्पी उत्पादन, ब्राण्डिङ र प्याकेजिङ<br>● धुलो दूध उत्पादन केन्द्रको विस्तार तथा व्यवस्थापन, उचित ब्राण्डिङ र प्याकेजिङ<br>● दूधको उचित व्यवस्थापन मार्फत क्षति न्यूनिकरण | ● दुग्ध विकास संस्थान, निजी/सहकारी डेरीहरू, खाद्य परीक्षण प्रयोगशाला, संघीय र प्रदेश सरकार<br>● दूध उत्पादक सहकारीहरू, चिलिङ्ग सेन्टरहरू, डेरीहरू<br>● चिज तथा छुर्पी उत्पादकहरू, खाद्य परीक्षण प्रयोगशाला, नेपाल सरकारका निकायहरू<br>● सरकारी, सहकारी तथा निजी धुलो दूध उत्पादन कारखानाहरू, खाद्य परीक्षण प्रयोगशाला<br>● मिठाई उद्योग/पसल, रेस्टुरेन्टहरू |
| **ग. बजारीकरण**<br>● दूध, चिज, छुर्पी, मिठाइ, घ्यु, नौनी, पनिरको आन्तरिक उपभोक्ता तथा होटल रेष्टुरेन्ट केन्द्रित बजारीकरण<br>● चिज, छुर्पी, घ्यु, नौनी र धुलो दूधको बाह्य बजारमा प्रवर्द्धन | ● डेरीहरू, चिज उत्पादकहरू, छुर्पी उत्पादकहरू, खाद्य परीक्षण प्रयोगशाला, उद्योग वाणिज्य संघहरू<br>● निजी क्षेत्र, संघीय सरकार र प्रदेश सरकार |
| **घ. संस्थागत र नीतिगत प्रबन्ध तथा सुधार**<br>● गुणस्तर अनुगमन, नियन्त्रण र प्रमाणीकरण<br>● ब्यापार सहजीकरण र संरक्षण<br>● उच्च नश्लको सिमेन आयातमा नितिगत ब्यवस्था<br>● पशु दाना/आहाराको मूल्य नियमन<br>● पशुदाना, आहारा तथा सिमेनमा अनुदान तथा सहायताको नीतिगत र संस्थागत प्रबन्ध<br>● विकट पहाडी भेगबाट दुग्ध संकलन केन्द्रसम्म दुग्ध ढुवानी लागतमा अनुदान<br>● दुग्धको मूल्य नियमन | ● खाद्य परीक्षण प्रयोगशाला, नेपाल सरकारका अन्य निकायहरू<br>● संघीय सरकार, प्रदेश सरकार, उद्योग वाणिज्य संघहरू, अर्थ मन्त्रालय<br>● कृषि तथा पशुपन्छी विकास मन्त्रालय र अन्तर्गतका निकायहरू<br>● संघ तथा प्रदेश मन्त्रालय (उत्पादन खर्च घटाउन पशुदाना/आहारामा अनुदान)<br>● स्थानीय सरकारहरू<br>● संघीय र प्रदेश सरकार |
| **ङ. पूर्वाधार विकास**<br>● दूध संकलन र भण्डारण क्षमता विकास<br>● दुग्ध प्रशोधन तथा विविधिकरण<br>● ढुवानी साधनहरू (वातानुकुलीत भ्यान/ट्याङ्करहरू)<br>● साइलेज तथा पशुदाना उत्पादन पूर्वाधार विकास<br>● चिलिङ भ्याटको उपलब्धता विस्तार | ● निजी क्षेत्र, पशुपालन सहकारीहरू, प्रदेश सरकार, कोशी प्रदेशमा कार्यरत आयोजनाहरू<br>● संघीय, प्रदेश र स्थानीय सरकार |
| **च. वित्तीय पहुँच**<br>● सहज पशुपालन कर्जाको उपलब्धता<br>● अनुदानलाई पुँजीगत लगानी, दाना, सिमेन र ढुवानीको दुरी र परिमाणमा आधारित बनाउने । | ● बैंक तथा वित्तीय संस्था र सहकारी<br>● प्रदेश र स्थानीय सरकारहरू |

## ड. मासु (मटन)

बाख्रापालन र मासुको आपूर्तिमा कोशी प्रदेशको महत्वपूर्ण योगदान रहको छ । कोशी प्रदेशको कृषि अर्थतन्त्रमा दूधपछि सबैभन्दा बढी योगदान खसी बाख्राको मासुको रहेको छ । यसको मूल्य अभिवृद्धि दर पनि सकारात्मक रहँदै आएको छ । पछिल्लो समयमा बोयर लगायतका जातहरूको प्रवेश र बोका बेच्ने होडका कारण यो क्षेत्रमा केही विकृतिहरू देखा परिरहेका भए पनि ग्रामीण क्षेत्रहरूमा बाख्रापालन आम्दानीको राम्रो स्रोतको रुपमा विकास भइरहेको छ। उन्नत जातहरूमा बाख्रापालकहरूको सहज पहुँच र बजार ब्यवस्थापनलाई सुधार गर्न सके यो क्षेत्रले ग्रामीण अर्थतन्त्रमा राम्रो योगदान गर्न सक्छ। नेपालमा बाख्रापालनले प्रगति गरेसँगै भारतबाट आयात हुने खसी बोकाको सङ्ख्यामा ठूलो कमी आएको छ। खसीको मासुको स्थिर मूल्य तथा देशभित्रै मासुको राम्रो माग भएकाले यो दीगो पेशाको रुपमा अगाडि बढिरहेको छ ।

## तालिकाः रणनीतिक सुझाव तथा जिम्मेवार पक्ष

| रणनीतिक सुझावहरू | जिम्मेवारी |
|---|---|
| क. उत्पादन र उत्पादकत्व वृद्धि<br>● उन्नत नश्लका पशु तथा सिमेनको उपलब्धता<br>● पोषिलो घास तथा दानाको व्यवस्थापन<br>● पशु वस्तुको खोरको उचित व्यवस्थापन र हेरचाह<br>● पशु वस्तुको रोग पहिचान र सुलभ स्वास्थ्य सेवाको पहुँच<br>● बाखापालन क्लस्टरहरूको विकास | ● नेपाल कृषि अनुसन्धान परिषद, सिमेन बैंक, सरकारी फार्महरू, निजी क्षेत्र<br>● दाना उद्योग, भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र, स्थानीय तहका पशुसेवा शाखाहरू<br>● बाखापालक किसान, मासु उत्पादक सहकारी<br>● भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र, स्थानीय तहका पशुसेवा शाखाहरू, पशुपालक किसान |
| ख. प्रशोधन वा मूल्य अभिवृद्धि<br>● पशु बधशाला व्यवस्थापन<br>● मासु प्रशोधन (सुकुटी, ससेज, फ्रोजन मासु)<br>● मासुजन्य अन्य परिकारहरूको उत्पादन र प्रवर्द्धन<br>● स्थानीय जातको खसीको मासुको ब्राण्डिङ र स्तरीय होटलमा विशेष परिकारका रुपमा प्रयोग । | ● निजी उद्यमी/बधशाला सञ्चालक, खाद्य परीक्षण प्रयोगशाला, नेपाल सरकार<br>● निजी क्षेत्र, बाखापालक सहकारीहरू<br>● होटल, रेस्टुरेन्टहरू, कोशी प्रदेशमा कार्यरत आयोजनाहरू |
| ग. बजारीकरण<br>● सबै मासुको गुणस्तरीय व्यवस्थापन सहित आन्तरिक बजारमा प्रवर्द्धन<br>● स्थानीय जातका खसी बोकामा आधारित फ्रोजन मासु र सुकुटीको बाह्य बजारमा प्रवर्द्धन | ● बाखापालन गर्ने सहकारीहरू, मासु बिक्रेताहरू, प्रदेश तथा स्थानीय तहहरू<br>● निजी क्षेत्रका मासु उत्पादक। संघीय र प्रदेश सरकार |
| घ. संस्थागत र नीतिगत प्रबन्ध तथा सुधार<br>● पशु स्वास्थ्य अनुगमन, व्यवस्थापन र प्रमाणीकरण<br>● व्यापार सहजीकरण र संरक्षण<br>● उच्च नश्लको सिमेन आयातमा नीतिगत व्यवस्था<br>● पशु दाना/आहाराको लागत न्यूनिकरण | ● खभेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र, नेपाल सरकारका अन्य निकायहरू<br>● संघीय सरकार, प्रदेश सरकार, उद्योग वाणिज्य संघहरू, अर्थ मन्त्रालय<br>● कृषि तथा पशुपन्छी विकास मन्त्रालय र अन्तर्गतका निकायहरू<br>● संघ, प्रदेश र स्थानीय सरकारहरू |
| ङ. पूर्वाधार विकास<br>● बधशाला स्थापना तथा व्यवस्थापन<br>● मासु प्रशोधन तथा विविधिकरण<br>● ढुवानी साधनहरू (वातानुकुलीत भ्यान/ट्याङ्करहरू)<br>● साइलेज तथा पशुदाना उत्पादन पूर्वाधार विकास | ● निजी क्षेत्र, प्रदेश सरकार, कोशी प्रदेशमा कार्यरत आयोजनाहरू, निजी क्षेत्र<br>● निजी क्षेत्र, प्रदेश सरकार, कोशी प्रदेशमा कार्यरत आयोजनाहरू<br>● निजी क्षेत्र, पशुपालन सहकारीहरू, प्रदेश सरकार, कोशी प्रदेशमा कार्यरत आयोजनाहरू |
| च. वित्तीय पहुँच<br>● सरकारी अनुदानको प्रभावकारिता विस्तारका लागि उत्पादन र मूल्य अभिवृद्धिमा योगदानमा आधारित अनुदान<br>● व्यवसायीक बाखापालन र मासुमा आधारित प्रशोधन उद्योगका लागि सहुलियतपूर्ण कर्जा | ● प्रदेश र स्थानीय सरकार<br>● बैंक तथा वित्तीय संस्था र सहकारी |

## ढ. बंगुरपालन (पोर्क)

कोशी बंगुर पालनमा विशिष्ठ पहिचान बोकेको प्रदेश हो । यसका बाबजुद व्यवसायिक बंगुरपालन भने विभिन्न उतारचढावबाट गुज्रिरहेको छ। यो व्यवसाय कुनै समय निकै लाभदायक र कुनै समय निरासाजनक रहने गरेको छ। यद्यपि कोशी प्रदेशको कृषि अर्थतन्त्रमा करिब १ प्रतिशत योगदान रहेको तथा सकारात्मक मूल्य अभिवृद्धि दर रहेकाले यसलाई कृषि अर्थतन्त्रको महत्वपूर्ण प्राथमिकताको आर्थिक गतिविधिका रुपमा लिनु आवश्यक छ । बंगुरपालन मूलतः मासु प्रयोजनका लागि हुनुपर्नेमा पाठापाठी उत्पादनलाई प्राथमिकतामा राख्ने प्रवृत्तिले मासु उत्पादन कम हुने र पाठापाठीले बजार नपाउने समस्या विद्यमान छ। यसले बंगुरपालनमा अतिरिक्त जोखिम सिर्जना भएको छ। मासु उत्पादनमा ठूला किसानहरू नलाग्ने हुँदा मासु प्रशोधनका उद्योगहरू यो प्रदेशमा फस्टाउन सकेका छैनन् । सानातिना बजारमा उपभोक्ताको दैनिक मासु आपूर्तिबाट यो क्षेत्रले आय र रोजगारीमा उल्लेख्य योगदान गर्न नसक्ने अवस्था विद्यमान छ। त्यसैलाई दृष्टिगत गरी व्यवसायीक मासु उत्पादन र प्रशोधन उद्योगको विस्तारलाई प्राथमिकतामा राखेर प्रदेशको अर्थतन्त्रमा बंगुरको मासुको योगदान बढाउनु आवश्यक छ।

### तालिकाः रणनीतिक सुझाव तथा जिम्मेवार पक्ष

| रणनीतिक सुझावहरू | जिम्मेवारी |
|---|---|
| क. उत्पादन र उत्पादकत्व वृद्धि<br>● उन्नत नश्लका बंगुर तथा सिमेनको उपलब्धता<br>● उन्नत पाठापाठीको उपलब्धता र मासु प्रयोजनमा पालनको अभ्यास वृद्धि<br>● दानाको व्यवस्थापन, पालन सीप र खोर तथा हेरचाहको सीप विकास र प्राविधिक सहायता<br>● फर्मदेखि हरेक चरणमा स्वास्थ्य र स्वच्छता प्रवर्द्धन<br>● बंगुरपालन क्षेत्र निर्धारण | ● नेपाल कृषि अनुसन्धान परिषद, सिमेन बैंक, सरकारी फार्महरू, निजी क्षेत्र<br>● बंगुर बच्चा उत्पादक तथा मासु उत्पादकहरू, सरकारी निकायहरू<br>● दाना उद्योग, भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र, स्थानीय तहका पशुसेवा शाखाहरू<br>● बंगुरपालक किसान, बंगुर उत्पादक सहकारी<br>● भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र, स्थानीय तहका पशुसेवा शाखा, बंगुरपालक किसान<br>● स्थानीय सरकारहरू |
| ख. प्रशोधन वा मूल्य अभिवृद्धि<br>● बंगुर बधशाला र मासु व्यवस्थापन<br>● मासु प्रशोधन उद्योग स्थापना तथा प्रवर्द्धन | ● बंगुरपालक किसान, बंगुर उत्पादक सहकारी, खाद्य परीक्षण प्रयोगशाला, नेपाल सरकार |
| **ख. प्रशोधन वा मूल्य अभिवृद्धि**<br>● बंगुर मासुका परिकारहरूको पर्यटक सत्कारमा प्रयोग विस्तार | ● बंगुरपालक किसान, बंगुर उत्पादक सहकारी, निजी क्षेत्र, सरकारी निकायहरू/आयोजनाहरू<br>● होटल, रेस्टुरेन्टहरू |
| **ग. बजारीकरण** (आन्तरिक र बाह्य बजार)<br>● बंगुरको मासु ब्राण्डिङ, प्याकेजिङ र आन्तरिक बजार प्रवर्द्धन<br>● धराने लगायतका स्थानीय स्वादका फ्रोजन मासुको बाह्य बजार पहिचान र प्रवर्द्धन | ● बंगुरपालक किसान, बंगुर उत्पादक सहकारी, निजी क्षेत्र<br>● बंगुर उत्पादक सहकारी, निजी क्षेत्र<br>● संघीय सरकार, बंगुरपालक किसान, बंगुर उत्पादक सहकारी, निजी क्षेत्र, सरकारी निकायहरू/आयोजनाहरू |
| **घ. संस्थागत र नीतिगत प्रबन्ध तथा सुधार**<br>● गुणस्तर अनुगमन, नियन्त्रण र प्रमाणीकरण<br>● व्यापार सहजीकरण र संरक्षण<br>● उच्च नश्लको सिमेन आयातमा नीतिगत व्यवस्था<br>● पशु दाना/आहाराको लागत न्यूनिकरणका विधिहरुको कार्यान्वयन | ● खाद्य परीक्षण प्रयोगशाला, नेपाल सरकारका अन्य निकायहरू<br>● संघीय सरकार, प्रदेश सरकार, उद्योग वाणिज्य संघहरू, अर्थ मन्त्रालय<br>● कृषि तथा पशुपन्छी विकास मन्त्रालय र अन्तर्गतका निकायहरू<br>● प्रदेश र स्थानीय सरकारहरू |

| रणनीतिक सुझावहरू | जिम्मेवारी |
|---|---|
| **ङ. पूर्वाधार विकास**<br>● मासु प्रशोधन र भण्डारण क्षमता विकास<br>● आधुनिक प्रविधि सहितका प्रशोधन केन्द्रको विकास<br>● मासु ढुवानीका निर्धारित मापदण्ड अनुसारको साधनह( रूको प्रबन्ध | ● निजी क्षेत्र, प्रदेश सरकार, कोशी प्रदेशमा कार्यरत आयोजनाहरू |
| **च. वित्तीय पहुँच**<br>● व्यवसायीक बंगुरपालन र बंगुरको मासु उत्पादन उद्योगका लागि पूर्वाधार तथा उत्पादनमा आधारित अनुदान<br>● कृषि ऋणको पुहँच विस्तार | ● प्रदेश र स्थानीय सरकारहरू<br>● बैंक तथा वित्तीय संस्था र सहकारी |

## ण. उदयमान उत्पादन

एभोकाडो, कफी, किवी, ड्रागन फ्रुट्स आदि उत्पादन माथि उल्लेख गरिएका बाहेक कोशी प्रदेशमा नयाँ उत्पादनका रुपमा विस्तार हुँदै गएका छन् । यद्यपि हालसम्म कृषि अर्थतन्त्रमा उल्लेख्य योगदान गर्न नसकेको र उत्पादन तथा बजारको अवस्था परीक्षणको क्रममा रहेकाले यिनको सम्भाव्यता बारे थप अध्ययन हुनु आवश्यक छ । त्यसैगरी माछापालन र माहुरी पालनलाई प्रतिस्पर्धी कृषि उत्पादनका रुपमा विकास गर्न सकिने वा नसकिने विषय थप अध्ययनको क्षेत्र हुनसक्छ ।

सामान्य अनुभवका आधारमा यहाँ उल्लेख गरिएका कतिपय उत्पादनहरूले सम्भावना देखाएका छन् । एभोकाडो धनकुटा तथा आसपासका क्षेत्रमा फैलिरहेको छ । बजारको खासै समस्या नभएको र बजार मूल्य पनि राम्रो रहेकाले यसको विस्तार भइरहेको छ । यद्यपि छिटो नाफा कमाउने चाहनामा गुणस्तरहीन बीउ बिरुवाहरूको उत्पादन र बिक्रीबाट प्रदेशमा फैलिँदै गइरहेको एभोकाडो खेतीले लामो अवधि लाभ दिन नसक्नेतर्फ सचेत हुनु आवश्यक छ । त्यसैले राम्रो जातहरूको परीक्षण र प्रसार तथा गुणस्तरीय बिरुवाहरूको उत्पादन र वितरणमा सरकारी तथा निजी क्षेत्रले सहकार्य गर्नु आवश्यक छ । प्रदेश मन्त्रालयको सहकार्यमा धनकुटामा स्थापना भएको फलफूलको फ्रेस ड्रायरकारखानाले यो क्षेत्रमा उत्पादन हुने एभोकाडो लगायतका फलफूलहरूलाई प्रशोधन गरी स्वदेश तथा विदेशमा बिक्री वितरण गर्ने गरी कार्यारम्भ गरेको छ । यसले एभोकाडो, किवी लगायतका फलफूलहरूको मूल्य अभिवृद्धिमा योगदान पुऱ्याउने छ ।

किवी पनि क्रमशः यस प्रदेशमा फैलिरहेको छ । जसलाई प्रशोधन गरी जुस, वाइन, जामजेली लगायतका औद्योगिक उत्पादनमा परिवर्तन र बजारीकरण गर्न सकिन्छ । भौगोलिक र जलवायुको अनुकुलताले यो फलको उत्पादन राम्रो देखिएको छ । फ्रेस उत्पादन गरेर ग्रेडिङ, प्याकेजिङ गरी स्वदेशी तथा विदेशी बजारहरूमा लैजान र यो फलको प्रशोधन गरी उत्पादनहरू बजारीकरण गर्न सकिने सम्भावना पनि देखिएको छ । विभिन्न जिल्लामा घरेलुस्तरमा यसको सुरुवात भएको छ । यसलाई बढाएर लान सकिने सम्भावना छ । यी उत्पादनको विस्तारलाई प्राथमिकतामा राख्नु अघि आन्तरिक र बाह्य बजारको पर्याप्त अध्ययन हुनु आवश्यक छ । यसका लागि प्रदेश सरकारले कार्य गर्नुपर्छ ।

कफी अर्को सम्भावना बोकेको र बिस्तारै पूर्वी नेपालमा फैलिँदै गरेको बाली हो । यसैलाई मध्येनजर गरी विगत आर्थिक वर्षहरूमा कोशी प्रदेशको कृषि मन्त्रालयले केही कफी उत्पादकहरूलाई कफी खेतीको क्षेत्र बिस्तार तथा प्रशोधन सुविधा बढाउन भौतिक पूर्वाधारमा सहयोग पुऱ्याएको छ । पाखीबास नगरपालिकालाई कफी क्षेत्रको रुपमा विकास गर्न सहकार्य पनि गर्दै आएको छ । कफीको आन्तरिक र बाह्य बजार रहेको सन्दर्भमा प्रदेश सरकारले पछिल्लो अनुभव र थप अध्ययन गरी कफी खेती र कफी प्रशोधन उद्योगलाई प्राथमिकतामा राख्न सक्छ ।

अध्याय
3

# उत्पादनमूलक उद्योग

## ३.१. परिचय

प्रदेश अर्थतन्त्रमा उल्लेख्य योगदान गरिरहेको औधोगिक गतिविधि मध्ये उत्पादनमूलक उद्योग प्रमुख रुपमा रहेको छ। उत्पादनमूलक उद्योग अन्तर्गत विभिन्न औद्योगिक उत्पादन रहेकामा अर्थतन्त्रमा वर्तमान योगदान, मूल्य अभिवृद्धि दर, कृषि क्षेत्रसँगको सम्बन्ध, आयात र निर्यातको वर्तमान अवस्था आदिलाई दृष्टिगत गर्दा कृषिमा आधारित प्रशोधन उद्योगलाई प्राथमिकतामा राखेर सरकार र निजी क्षेत्रका बिच प्रभावकारी साझेदारी र सहकार्य प्रवर्द्धन गर्नु उपयुक्त हुन्छ । त्यसका लागि मूतल: खाद्य प्रशोधन र टेक्सटाइल उद्योग कोशी प्रदेशको रणनीतिक प्राथमिकताका उद्योग हुनसक्ने देखिन्छ ।

## ३.२. प्रस्तावित रणनीतिहरू

१. दीगो आर्थिक वृद्धिका लागि कृषि उत्पादनमा आधारित प्रशोधन उद्योगको प्रवर्द्धन गर्ने

२. औद्योगिक पूर्वाधार विकासमा सरकार र निजी क्षेत्रका बिच साझेदारी विस्तार गर्ने

३. लगानी, उद्योग स्थापना र सञ्चालनका लागि अनुकुल नीतिगत वातावरण र संस्थागत संयन्त्र निर्माणका प्रदेश सरकारले संघीय र स्थानीय सरकार तथा निजी क्षेत्रसँगको समन्वयमा अनुकुल नीतिगत वातावरण निर्माणका लागि नेतृत्वदायी भूमिका निर्वाह गर्ने ।

## ३.३. रणनीतिक प्राथमिकता

क. खाद्य प्रशोधन तथा टेक्सटाइल उद्योगलाई प्राथमिकतामा राखेर उद्योगको कृषि क्षेत्रसँगको पृष्ठ सम्बन्ध विस्तारका लागि सरकार, उद्योगी र कृषि उत्पादक बिचको प्रभावकारी अन्तरसम्बन्ध विकास

ख. प्रदेशभित्रका र स्वदेशी कृषि उत्पादन प्रशोधन गर्ने उद्योगमा लगानी प्रोत्साहनका नीतिगत प्रबन्ध तथा जग्गा प्राप्ति र पूर्वाधार विकासमा प्रदेश सरकारबाट सहयोग र सहजीकरण

ग. कृषि प्रशोधन उद्योगलाई कृषि क्षेत्र सरहको सरकारी सुविधा र सहयोग

घ. औद्योगिक उत्पादनको अनुभव र पूर्वाधारको उपलब्धता भएका क्षेत्रमा रहेका स्थानीय तहहरू समावेश आर्थिक वृद्धि क्लस्टरको विकास

कोशी प्रदेशको आर्थिक वृद्धि सम्भाव्य वस्तु तथा सेवा पहिचानका क्रममा उत्पादनमूलक उद्योग अन्तर्गत कृषिमा आधारित प्रशोधन उद्योगलाई प्रमुख सम्भाव्य क्षेत्र हुनसक्ने देखियो । यस पृष्ठभूमिमा कृषिमा आधारित खाद्य वस्तुको उत्पादन र टेक्सटाइल उद्योगलाई थप प्रतिस्पर्धी बनाउनका लागि सम्भाव्य औद्योगिक उत्पादनमा आधारित रणनीतिक सुझाव निम्न रहेका छन् ।

## ३.४. उत्पादमा आधारित रणनीतिक प्राथमिकता

### क. खाद्य प्रशोधन उद्योग

कोशी प्रदेशमा खाद्य प्रशोधन उद्योगको प्रचुर सम्भावना रहेको छ। यो प्रदेश तरकारी, फलफूल, अन्नबाली, अलैंची, चिया, तेलहन आदिका लागि उपयुक्त माटो र हावापानी रहेको छ। दूध र मासुका लागि पनि यो प्रदेशमा उच्च सम्भावना रहेको छ। चिया र अलैंची बाहेक अधिकांश कृषि उत्पादन आन्तरिक बजारमा खपत हुने गरेको छ। यद्यपि कृषिमा उच्च उत्पादन लागत र सीमित परिमाणमा हुने उत्पादनले गर्दा यहाँका खाद्य प्रशोधन उद्योगले स्थानीय कृषि उत्पादनलाई औद्योगिक कच्चा पदार्थको भरपर्दो स्रोत बनाउन सकिरहेका छैनन्। अर्कातिर खाद्य प्रशोधन उद्योगका लागि बाह्य कच्चा पदार्थ प्राप्तिमा रहेका जटिलता र दीगोपनका कारण यो उद्योग जोखिमयुक्त रहेको छ। त्यसैले अहिले उत्पादनमूलक उद्योगको कुल मूल्य अभिवृद्धिमा सबैभन्दा ठूलो हिस्सा ओगटेको यो उद्योगको विकास र प्रवर्द्धनले प्राथमिकता पाउनु आवश्यक छ।

उद्योगका लागि चाहिने कच्चा पदार्थ लगायतका उत्पादनका साधनको लागतमा कमी ल्याउने र आन्तरिक बजारमा कच्चा पदार्थको सहज उपलब्धता र पहुँच सुनिश्चित गर्ने कुरा यस क्षेत्रको प्रमुख प्राथमिकता हुनुपर्छ। यसबाट मात्र औद्योगिक उत्पादनको आयात कम गर्न र बाह्य बजार विस्तार गर्न सम्भव छ। निर्यात बजारका लागि द्विपक्षीय कुटनीतिक सम्बाद प्रभावकारी बनाउनुका साथै स्थानीयस्तरमा नै एस.जी.एस. हलाल जस्ता अन्तर्राष्ट्रिय गुणस्तर प्रमाणपत्र दिने व्यवस्था हुनु आवश्यक छ। खाद्य प्रशोधन उद्योग मार्फत आर्थिक वृद्धिका थप प्राथमिकता बुँदागत रुपमा प्रस्तुत गरिएको छ।

**तालिकाः रणनीतिक सुझाव र जिम्मेवार पक्ष**

| रणनीतिक सुझावहरू | जिम्मेवारी |
|---|---|
| १. कृषि वस्तुको उत्पादन लागत भारतीय उत्पादनको भन्दा बढी भएको सन्दर्भमा उत्पादकत्व बढाउन र उत्पादन लागत कम गर्दै स्थानीयस्तरमा खाद्य प्रशोधन उद्योगको कच्चा पदार्थको उपलब्धता सुनिश्चित गर्ने<br>क. रासायनिक मलको लागत न्यूनिकरण र सहज उपलब्धता सुनिश्चित गर्ने<br>ख. निजी लगानी सहित चक्लाबन्दी र यान्त्रिक खेती प्रवर्द्धन गर्ने<br>ग. परिमाणात्मक लाभ हाँसिल गर्नका लागि लाभदायक वस्तुमा आधारित रहेर अन्तर स्थानीय तह सहकाय विकास गर्ने। | प्रदेश र स्थानीय सरकार हरूबाट नीतिगत र संस्थागत सहयोग उद्योगी, कृषि उत्पादन र सहकारीका बिच समन्वय र सहकार्य। |
| २. विदेश निर्यात हुने प्याकेजिङ गरिएका खाद्य उत्पादनको ढुवानी लागत उच्च भएकाले हाल लाभदायक नजिकको बन्दरगाह सम्मका लागि ढुवानी लागतमा अनुदान उपलब्ध गराउने। | संघीय र प्रदेश सरकार |
| ३. नेपालको विशिष्ठ पहिचान र स्वाद भएका खाद्य उत्पादनको निर्यातमा निर्यात अनुदान उपलब्ध गराउने। | संघीय र प्रदेश सरकार |
| ४. प्रारम्भिक वातावरणीय अध्ययन लगायतको समय र लागत कम गरी उद्योग स्थापनालाई सहज बनाउने। | संघीय, प्रदेश र स्थानीय सरकार |
| ५. विशिष्ठ उत्पादनमा आधारित रहेर खाद्य प्रशोधन उद्योग क्लस्टर विकास गर्ने। | प्रदेश सरकारको सहजीकरण तथा संघीय र स्थानीय सरकारसँगको समन्वय |
| ६. अन्तर्राष्ट्रिय १२ अंकको एचएस कोड अनुरुप कृषि उत्पादनमा मौसमी (सिजनल) कोड दिएर देशभित्र बढी उत्पादन हुने समयमा हुने आयातमा बढी भन्सार शुल्क लगाउने। | संघीय सरकार |

| रणनीतिक सुझावहरू | जिम्मेवारी |
|---|---|
| ७. शीत भण्डारको पहुँच विस्तार र शुल्क न्यूनिकरण गर्ने । त्यसका लागि सरकारले अधिकतम शुल्क तोक्ने तथा स्थापना र सञ्चालनमा सार्वजनिक निजी साझेदारीको विधि अपनाउने । | संघ, प्रदेश र स्थानीय सरकार र निजी क्षेत्र |
| ८. प्रदेशभित्रको कच्चा पदार्थ उपयोग गर्ने खाद्य प्रशोधन उद्योगको आन्तरिक पूर्वाधार विकासमा अनुदान उपलब्ध गराउने | प्रदेश सरकार |
| ९. घरेलु, साना तथा मझौला खाद्य प्रशोधन उद्योगका लागि आवश्यक सीप, प्रविधि र पुँजीको उपलब्धता र पहुँच बढाउन तथा बजारीकरणमा सहयोगको नीति निर्माण र कार्यान्वयन गर्ने । | प्रदेश र स्थानीय सरकार |
| १०. सबैस्तरका खाद्य प्रशोधन उद्योगका लागि आवश्यक दक्ष जनशक्ति तयारीका लागि सार्वजनिक निजी साझेदारी गर्ने । | प्रदेश र स्थानीय सरकार एवं औद्योगिक संघ संगठनहरू |

## ख. टेक्स्टाइल

टेक्स्टाइल उद्योगको दायरा निकै फराकिलो रहेको छ । धागो उत्पादन यो उद्योगको प्रारम्भिक अवस्था हो । त्यसबाहेक पोलिमर र एक्राइलिक उत्पादन धागो डाइङ, फ्याब्रिक उत्पादन, फ्याब्रिक डाइङ तथा विभिन्न प्रकृतिका कपडाको सिलाईसम्मका कार्य यो उद्योगमा समावेश हुन्छ । गार्मेन्ट पहिरन वा फेसनमा आधारित उद्योग भएकाले यसको बजार पनि व्यापक र मागमा निरन्तर परिवर्तन हुन्छ । नेपाल सरकारले धागो उत्पादनमा केही सहुलियत दिएकाले यसको निर्यात हुने गरेको छ । यसबाहेकका टेक्स्टाइल उत्पादनको औद्योगिकीकरणको अवस्था कमजोर रहेको छ । फेसन उद्योग भएकोले वर्तमान उपभोगको प्रवृत्ति र जहाँ नयाँ फेसन उपलब्ध हुन्छ त्यहींबाट खरिद हुने हुनाले यो उद्योगमा उच्च प्रतिस्पर्धी क्षमता र बजारीकरण कौशल आवश्यक छ । नेपाल सरकारले टेक्स्टाइल उद्योग विकास गर्दा भारतीय उपभोक्ता नेपालमा आएर यहाँको उत्पादन खरिद गर्छन् भन्ने सोचमा आधारित भएर गर्ने र निजी क्षेत्रलाई सोही अनुसार सहुलियत, सुविधा तथा सहकार्य गरेमा यो क्षेत्रले आर्थिक वृद्धि, आय र रोजगारीमा गरिरहेको योगदानको स्तरमा व्यापक सुधार हुनसक्छ । यस बाहेक टेक्स्टाइल उद्योग प्रवर्द्धनका थप प्राथमिकता तल बुँदागत रुपमा प्रस्तुत गरिएको छ ।

### तालिकाः रणनीतिक सुझाव र जिम्मेवार पक्ष

| रणनीतिक सुझावहरू | जिम्मेवारी |
|---|---|
| १. टेक्स्टाइल आयातमा भन्सार शुल्क न्यूनिकरण गरेर पनि गैरकानुनी आयातपूर्ण रुपमा बन्देज गराउने, धागो मात्र नभई सबै चरणको निर्यात अनुदान दिने लगायत दीर्घकालीन टेक्स्टाइल नीति निर्माण र कार्यान्वयन । | नीति निर्माणमा संघीय सरकार र कार्यान्वयनमा संघीय र प्रदेश सरकारको सहकार्य |
| २. सहुलियतपूर्ण कर्जा सुविधा, विद्युतको सहज आपूर्ति र टेक्स्टाइल उद्योगका लागि विद्युत महशुलमा अनुदान | संघीय र प्रदेश सरकारको सहकार्य |
| ३. नेपाली टेक्स्टाइल उद्योगका उत्पादनको भन्सार शुल्क रहित निर्यात सुविधाका लागि द्विपक्षीय सम्बाद बढाउने । | निजी क्षेत्रसँगको समन्वयमा संघीय सरकार |
| ४. मन्डी स्थापनाका लागि प्रदेशभित्र टेक्स्टाइल प्रशोधन क्षेत्र निर्धारण र पूर्वाधार विकास गरी सो क्षेत्रमा टेक्स्टाइल उद्योग सञ्चालन गर्न चाहने लगानीकर्ता तथा उद्योगका लागि विशेष सुविधा प्राप्त हुने क्षेत्रका रुपमा नक्सांकन र प्रवर्द्धन गर्ने । | संघीय सरकारसँगको समन्वयमा प्रदेश सरकार |
| ५. अति कम विकशित मुलुकबाट विकाशसील मुलकका स्तरोन्नती भएसँगै टेक्स्टाइल उद्योगले पाइरहेको सुविधा हट्ने भएकाले त्यसलाई कायम राख्न सम्बन्धित मुलकसँग व्यापार कुटनीति प्रभावकारी बनाउने । | संघीय सरकार |

| रणनीतिक सुझावहरू | जिम्मेवारी |
|---|---|
| ५. कृषि तथा वनजन्य कच्चा पदार्थमा आधारित घरेलु तथा साना उद्योगको विकास र उत्पादनलाई प्रोत्साहन र प्रवर्द्धन गर्न विशेष नीति तर्जुमा र कार्यान्वन | कोशी प्रदेश र स्थानीय सरकारहरू |
| ६. साना, मझौला र ठूला टेक्स्टाइल उद्योग सञ्चालन गर्न सकिने क्षेत्रमा रहेका स्थानीय तह जोडेर टेक्स्टाइल क्लस्टर विकास | कोशी प्रदेश सरकार, स्थानीय तहहरु र निजी क्षेत्र |

अध्याय
४

# पर्यटन

## ४.१. परिचय

वर्तमान अवस्थामा यातायात, आवास तथा खाना सेवा र मनोरञ्जनका गतिविधिले प्रदेश अर्थतन्त्र अन्तर्गत सेवा क्षेत्रमा करिब १५ प्रतिशत योगदान गरिरहेको छ । यो क्षेत्रको सकारात्मक मूल्य अभिवृद्धि दर समेत रहेकाले सेवा क्षेत्रमा पर्यटन कोशी प्रदेशको प्रमुख प्राथमिकता हुनुपर्ने देखिन्छ ।

आय आर्जन, रोजगारी सिर्जना र आय वृद्धिका हिसाबले निरन्तर वृद्धि भइरहेको एकाध उद्योगहरू मध्ये पर्यटन उद्योग एक हो । प्राकृतिक विशिष्टता, साँस्कृतिक वैभवता, गौरवपूर्ण ऐतिहासिकता, रुपान्तरण योग्यता, भू-बनोटीय सुन्दरता र रणनीतिक भौगालिक अवस्थितिले गर्दा नेपाल र त्यसमा पनि कोशी प्रदेश निकै सम्भावनायुक्त क्षेत्र हो ।

होटेल, रिजोर्ट, ट्राभल, ट्रेकिङ, र्‍याफ्टिङ, विमानसेवा (एअरलाइन्स), रेस्टुरेन्टजस्ता क्षेत्रमार्फत सेवा प्रदान गरिरहेको पर्यटन व्यवसाय ले उल्लेख्य आय र रोजगारी सिर्जना गर्ने गरेको छ । प्रत्येक्ष, अप्रत्येक्ष र यसको प्रत्येक्ष आपूर्ति श्रृंखला समेत गरी पर्यटन क्षेत्रमा लाखौं जनशक्तिलाई रोजगारी सिर्जना हुने गरेको छ । पर्यटन उद्योगमा मात्रै ४ खर्ब भन्दा बढी बैंक तथा वित्तीय क्षेत्रको लगानी रहेको अनुमान छ । क्रमशः पूर्वाधारको अवस्थामा आउने सुधारले पर्यटन विकास र विस्तारका लागि नयाँ आयाम थपेको छ ।

पर्यटनबाट लाभ लिँदै प्रदेशलाई सम्वृद्ध बनाउन सक्ने प्रशस्तै आधारहरू हुँदाहुँदै पनि अपेक्षित लाभ लिन सकिएको छैन । देशैभरका स्थानीय तहमा आ-आफ्नो क्षेत्रलाई पर्यटकीय क्षेत्रका रुपमा विकास गर्ने उच्च चाहना र उत्प्रेरणा निकै उत्साहजनक छ । तर आवश्यक ज्ञान र सीपको कमीका कारण पर्यटन विकास भनेकै गन्तव्य घोषणा गर्ने, तारबार गर्ने, भ्यू टावर निर्माण गर्ने, मठ मन्दिर र स्मारकहरूमा बजेट विनियोजन गर्ने, जात्रा महोत्सवहरूका नाममा बजेट छर्ने जस्ता अनुत्पादक क्षेत्रमा लगानी गर्ने प्रवृत्ति सरकारी क्षेत्रमा व्याप्त छ ।

स्थानीय तहमा रहेको सरकारी तथा निजी क्षेत्रको नेतृत्वमा व्यवसायिक सोच, कुशल व्यवस्थापन, परिणाममूखी नेतृत्वका लागि आवश्यक सीप र ज्ञानको अभावमा अपेक्षित परिणाम हाँसिल हुन सकेको छैन । प्रादेशिक तथा स्थानीय तहलाई दक्ष र सबल नबनाई पर्यटन बजारमा यस प्रदेशलाई एक अग्रणी पर्यटकीय गन्तव्यका रुपमा स्थापित गर्न सजिलो छैन ।

पर्यटकीय पूर्वाधार विकासका सन्दर्भमा सरकार, निजी क्षेत्र र समुदायको बिचमा समान बुझाई र सहकार्य आवश्यक छ । यद्यपि परस्पर सम्बाद र समन्वयको अभावमा लागनी आकर्षित गर्न र निजी क्षेत्रको अपनत्व हाँसिल गर्नमा कठिनाई भइरहेको देखिन्छ । उदाहरणका लागि पर्यटकीय गन्तव्यसम्म केबलकार सञ्चालन गर्दा स्थानीय अर्थतन्त्रमा पर्ने सकारात्मक प्रभावका बारे पर्याप्त छलफल र समझदारी नहुँदा साना उद्यमी तथा समुदायस्तरबाट यस्ता परियोजनाको विपक्षमा धारणा बनेको पाइन्छ । जुन अर्थतन्त्रको हितमा हुँदैन । सामान्यतया केवलकारहरू यातायातकै एक माध्यम हुन ।

छोटो दुरीमा र भौगोलिक हिसाबले कठिन रहेका धार्मिक वा विशिष्ट प्राकृतिक गन्तव्यमा केबलकारहरू फलदायी देखिएका छन् । मनकामना केबलकारले स्थानीय बासिन्दाको आवतजावतका लागि सहुलियत दरमा ओहोरदोहार गर्ने व्यवस्था मिलाएको छ । पदयात्राका लागि केवलकारले चुनौती नथप्ने तर बढी पर्यटक भित्र्याई स्थानीयलाई थप आयआर्जनका अवसरहरू प्रदान गर्दछ । यद्यपि यसको अपनत्व बढाउन स्थानीयलाई निश्चित प्रतिशत लगानी र लाभमा हिस्सेदारी अवसर खुला गरिदिनु उपयुक्त हुन्छ ।

कोशी प्रदेशका पहाडीभेग प्राकृतिक, धार्मिक, साँस्कृतिक र पर्यापर्यटनका लागि सम्भावनायुक्त रहेका छन् । त्यस्ता गन्तव्य बढी खर्च गर्न चाहने पर्यटकका लागि पाँचतारे वा गुणस्तरीय होटलको उपलब्धता सुनिश्चित गर्न कठिन छ । लगानीका दृष्टिकोणले पनि यस्ता होटलका लागि धेरै लगानी लाग्ने र तत्कालै लाभ प्राप्त नहुने हुनाले निजी क्षेत्र यसमा आकर्षित नभएको पाइन्छ । त्यसैले अन्तर्राष्ट्रिय अनुभवका आधारमा होटलको मापदण्ड स्थानीय परिवेश अनुकुल बनाउनु उपयुक्त हुन्छ । पाँचतारे मापदण्ड होटलको भौतिक आकार भन्दा पनि गुणस्तरीय सेवा र सुविधाको मापदण्ड हो । भुटान लगायतका केही देशहरूमा १२ वा २० कोठा भएका होटललाई पनि उनीहरूले प्रदान गर्ने सेवाको गुणस्तरका आधारमा पाँचतारे होटलको मापदण्ड दिइएको छ । त्यसैले यसतर्फ पनि ध्यान दिनु आवश्यक छ ।

पर्यटनलाई स्थानीय अर्थतन्त्रमा आवद्ध गर्न स्थानीय स्रोतको दीगो तथा व्यवसायिक उपयोगका लागि सहयोगी नीतिहरू आवश्यक छन् । स्थानीय उत्पादन, कला संस्कृति, खानपिनलाई पर्यटनसँग जोड्न सक्दा यसले प्रदेशमा आर्थिक लाभ ल्याउन सक्दछ । पूर्वाधार तथा संस्थागत संरचनाहरू बनाउँदा निजी क्षेत्रको प्रतिनिधित्व हुने गरी बनाउनु पर्दछ । प्रदेश र स्थानीय सरकारका नीतिमा यो विषय झल्किनु पर्छ ।

पर्यटन क्षेत्रको विकासमा सरकार, निजी क्षेत्र र समुदायको बिचमा समन्वय र सहकार्य क्षेत्रसँग सम्बन्ध राख्ने व्यवसाय र गतिविधि हो । त्यसैले पर्यटकीय गन्तव्य र सम्भावनामा आधारित रहेर स्थानीय सरकार, संघ र प्रदेश सरकारका सम्बन्धित निकाय, पर्यटन व्यवसायी लगायतका मुख्य सरोकारवाला पक्षहरू बिच समन्वय हुने गरी पर्यटन किकासमा केन्द्रित आर्थिक वृद्धि क्लस्टर प्रवर्द्धनलाई पनि प्राथमिकतामा राख्नु उचित हुन्छ ।


कोशी प्रदेशको प्रमुख पर्यटन बजार भारत र मूलतः बिहार प्रान्त नै हो । त्यसैले त्यहाँका पर्यटकले भोग्नु परेको समस्याको दीगो समाधान प्रदेश सरकारको उच्च प्राथमिकताको विषय बन्नुपर्छ । भारतीय मुद्रा ल्याउनमा रहेको सीमा बन्देज तथा पाँच शय र दुई हजारका नोट ल्याउनमा रहेका प्रतिबन्धले भारतीय पर्यटकका लागि समस्या हुने गरेको छ । प्राविधिक यन्त्र वा नयाँ प्रविधिबाट भारतीय नोट जाँच गर्ने अधिकारीलाई तालिम प्रदान गरी त्यस्ता नोटहरु (रुपैयाँ) परीक्षण गर्न सकिन्छ । अनलाइन भुक्तानीलाई सहज बनाउँदा पनि यो समस्या केही हदसम्म सम्बोधन हुन्छ । तर अझै पनि धेरैजसो सीमा क्षेत्रका भारतीय नागरिकहरूले नोटकै प्रयोग गरी राखेको हुँदा पाँच शय र दुई हजारका नोट चल्ने व्यवस्था हुनु पर्दछ ।

प्रदेशमा रहेका स्यांगबोचे, रुम्जाटार, खानीडाँडा, धरान लगायतका विमानस्थल हाल सञ्चालनमा छैनन् वा एकाध उडान बाहेक ती विमानस्थल प्रयोजनविहीन बनेका छन् । प्रदेश र संघीय सरकारले आवश्यक समन्वय गरेर ती विमानस्थलको वैकल्पिक प्रयोगका लागि निजी क्षेत्रलाई खुला गरिदिनु उपयुक्त हुन्छ । त्यसैगरी विराटनगर विमानस्थललाई क्षेत्रीय विमानस्थलमा स्तरोन्नती गरी त्यहाँबाट विभिन्न जिल्ला तथा भारत, भुटान र बंगलादेशबाट सिधा उडान हुने व्यवस्था मिलाउनु आवश्यक छ ।

साहसिक, धार्मिक, आद्यात्मिक, साँस्कृतिक र प्राकृतिक पर्यटकीय विकल्प खोज्ने पर्यटकहरूका बिच यो प्रदेशको विशिष्ठ छवि (ब्राण्ड इमेज) बनाउन सकिन्छ । विश्वव्यापी रुपमा पर्यटनको प्रवृत्ति परिवर्तन भएको छ । घुमफिर, विलासीता र आराम भन्दा पनि नयाँ अनुभव हाँसिलका लागि विभिन्न क्रियाकलापमा आफैं संलग्न हुने चाहना र अभ्यास पर्यटकमा विस्तार भइरहेको छ । आगामी केही दशकसम्म यो प्रवृत्ति बढ्दै जाने सम्भावना छ । यस परिवेशमा कोशी प्रदेशलाई जीवनमा विरलै अनुभव गर्न पाइने विशेष क्षणहरू अनुभूत गर्न सकिने विशिष्ट पर्यटकीय गन्तव्यका रुपमा स्थापित गरी जनताको जीवनस्तर उकास्ने र प्रादेशिक आय र रोजगारीको एक महत्वपूर्ण स्रोतका

रुपमा अघि बढाउने विषयले उच्च प्राथमिकता पाउनु पर्छ । नेपालकै सबैभन्दा होचो (हाल दोस्रो मानिएको) देखि विश्वकै सबैभन्दा अग्लो भू-भाग रहेको यो प्रदेशले यस्ता थुप्रै विशिष्ट यात्रा अनुभव दिन सक्ने प्रचुर सम्भावना राख्छ । त्यसैगरी यहाँको खाना, संस्कृति आदिसँग पर्यटकलाई जोड्न सक्ने अनेक सम्भावना पनि छन् ।

यसरी कोशी प्रदेशको पर्यटन विकास मार्फत आय र रोजगारी सिर्जना गर्दै आर्थिक वृद्धिको भरपर्दो क्षेत्र बनाउन प्रस्तावित खाका तलको चित्रमा प्रस्तुत गरिएको छ ।




माथिको चित्रमा देखाइए अनुसार पर्यटकीय गन्तव्यको पहिचान, वर्गीकरण र स्तरीकरण गरी गन्तव्य लक्षित पर्यटन पूर्वाधार र सेवाको विकास पर्यटन क्षेत्रमा गरिनुपर्ने प्रमुख कार्य हो । यसका नेतृत्व प्रदेश सरकारले लिएर विभिन्न तहका सरकार र निजी क्षेत्रसँग साझेदारी र सह-लगानीका लागि समन्वय गर्नु आवश्यक छ । पर्यटकका लागि गुणस्तरीय सेवा र उनीहरू सहभागी भई अनुभूत गर्नसक्ने विकल्पहरू सहितको पर्यटन प्याकेज विकास अर्को महत्वपूर्ण कार्य हो । यसमा मुख्य भूमिका निजी क्षेत्रको रहन्छ । सम्बन्धित गन्तव्य र उपलब्ध पर्यटकीय विकल्प र सेवामा आधारित सम्भाव्य आन्तरिक र बाह्य बजार लक्षित प्रवर्द्धनात्मक गतिविधि पनि पर्यटन विकासको लागि अपरिहार्य हुन्छ । यसमा निजी क्षेत्र र सबै तहका सरकारको बिच प्रभावकारी साझेदारी आवश्यक छ । पर्यटन सेवाका कार्य तथा समुदाय समेतका लागि क्षमता विकास र सचेतनाका कार्य पर्यटन क्षेत्रको विकासको पूर्व शर्त हो । क्षमता विकासमा निजी क्षेत्रलाई सरकारले आवश्यक सहयोग गर्नुपर्छ भने सचेतनाका गतिविधिमा सरकारको मूख्य भूमिका रहन्छ ।

## ४.२. प्रस्तावित रणनीतिहरू

क. प्रदेशको शहरी क्षेत्रलाई आन्तरिक पर्यटनको महत्वपूर्ण बजार र भारत र बंगलादेशलाई मुख्य पर्यटन बजारका रुपमा लिएर पर्यटन नीति, पूर्वाधार र सेवा विस्तार र व्यवस्थित गर्ने ।

ख. पर्यटन पूर्वाधार विकास र नीतिगत सहजीकरणमा सरकारको नेतृत्वदायी भूमिका तथा पर्यटकीय सेवामा निजी क्षेत्रको लगानीका लागि अनुकुल वातावरण सिर्जना गर्ने ।

## ४.३. रणनीतिक प्राथमिकता

क. पर्यटन गन्तव्यको वर्गीकरण, स्तरीकरण र गन्तव्य केन्द्रित पर्यटक प्याकेज विकास र प्रवर्द्धन

ख. अन्तरगन्तव्य यातायात सञ्जाल विस्तार, पर्यटक सुरक्षामा विभिन्न तहका सरकारको लगानी र संस्थागत भूमिका

ग. यातायात बाहेकका पर्यटकीय पूर्वाधार निर्माण तथा जनशक्ति विकासमा सरकार र निजी क्षेत्रको साझेदारी

घ. स्थानीय अर्थतन्त्रको संरक्षण र विकासको प्रत्याभूति सहित नवीन पर्यटकीय विकल्पको विकासमा सरोकारवालाहरू बिचको आपसी सम्बाद मार्फत र परस्पर विश्वास र सहकार्य प्रवर्द्धन ।

**तालिकाः रणनीतिक सुझावहरू र जिम्मेवार पक्ष**

| रणनीतिक सुझावहरू | जिम्मेवारी |
|---|---|
| **१. पर्यटकीय विकल्पको विकास**<br>● प्रदेशको विशिष्ट छवि स्थापित गर्ने गरी उपलब्ध पर्यटकीय गन्तव्य र सेवाको ब्राण्डिङ गर्ने<br>● कृषि, कला, खेलकुद, संगीत, खानपान, साँस्कृतिक उत्सव तथा पर्वहरूलाई पनि पर्यटनसँग जोड्ने<br>● जग्गा छुट्याइएका, निर्माण भएका, तर हाल प्रयोगमा नभएका विमानस्थलहरूलाई हवाई पर्यटन वा अन्य गतिविधि सञ्चालनका लागि निजी क्षेत्रलाई प्रयोग गर्न दिने ।<br>● अन्य प्राकृतिक तथा साँस्कतिक स्रोतहरूको दीगो उपयोगको विधि निर्धारण र कार्यान्वयन गर्ने । | निजी क्षेत्रका छाता संस्था, उद्यमी, व्यवसायी, सरकारी निकाय, तथा विकास साझेदार संस्था |
| **२. पर्यटकीय क्षेत्र लक्षित पूर्वाधार र सेवा**<br>● हवाईः विद्यमान विमानस्थलहरूको स्तरोन्नती, क्षेत्रीय विमानस्थलको निर्माण र प्रस्तावित निजगढ विमानस्थलसँगको हवाई सम्बन्ध स्थापनाको दीर्घकालीन योजना<br>● सतहः मुख्य गन्तव्यहरूसम्मको सहज र सुरक्षित पहुँचका साथै मुख्य र सहायक गन्तव्य बिचको यातायात सञ्जाल विस्तार<br>● पाथिभरा, हिले, इलाम, सन्दकपुर, तथा खुम्बु जस्ता सम्भाव्य क्षेत्रमा केबलकार<br>● दक्ष जनशक्ति उत्पादनका लागि मानव संस्थाधन विकास प्रतिष्ठानहरू<br>● निर्माण हुने ठूला पूर्वाधारहरू जस्तैः पुल तथा बाटोघाटो बनाउँदा पर्यटकीय आकर्षण थपिने र स्थानीयपन झल्किने डिजाइनमा निर्माण गर्ने | संघीय सरकार, प्रदेश सरकार, स्थानीय तह, विकास साझेदार संस्था, निजी क्षेत्र । |

| रणनीतिक सुझावहरू | जिम्मेवारी |
| --- | --- |
| **३. लक्षित वा सम्भाव्य पर्यटकीय विकल्पको पहिचान र बजारीकरण**<br>● गन्तव्य लक्षित पर्यटकीय गतिविधिहरूको सृजना तथा पर्यटन प्याकेज विकास<br>● लक्षित बजारहरूको पहिचान र बजारीकरण आन्तरिक पर्यटन, क्षेत्रीय पर्यटन (भारत तथा बंगलादेश), पश्चिमा मुलुक र चीन लक्षित पर्यटन<br>● प्राकृतिक, साँस्कृतिक तथा साहसिक गतिविधि तथा आकर्षणहरूको आधारमा गन्तव्य तथा गतिविधिका क्लस्टर बनाई प्याकेजिङ तथा प्रचारप्रसार गर्ने र यसका लागि निजी क्षेत्रलाई उत्प्रेरित गर्ने ।<br>● G2G (Government to Government), B2B (Business to Business), D2C (Destination to Consumer) सम्बन्ध बढाउँदै प्रवर्द्धनका लागि विभिन्न मार्ट, एक्स्पो, रोड शो, सेल्स मिसन, परिचयात्मक भ्रमण, डिजिटल मार्केटिङ जस्ता प्रवर्द्धनात्मक कार्यक्रमहरू आयोजना गर्ने र लक्षित बजारमा हुने यस्ता कार्यक्रममा सहभागी पनि हुने । | बाह्य बजार तथा सम्बन्धका हकमा संघीय सरकार र अन्य कार्यका लागि प्रदेश र स्थानी सरकार, पर्यटन व्यवसायी, स्थानीय सरकार, निजी क्षेत्रका छाता संस्था, प्रशिक्षण प्रतिष्ठान, नेपाल पर्यटन बोर्ड |
| **४. पर्यटन मार्फत आय र रोजगारी सिर्जना**<br>● स्थानीय खानपिनलाई पयर्टकको उपभोगसँग जोड्ने<br>● पर्यटकले उपहारका लागि खरिद गर्न सक्ने हस्तकला सामग्रीहरू लाई प्याकेजिङ, ब्राण्डिङ, र बजारीकरणमा सहयोग ।<br>● विभिन्न क्षेत्रलाई विवाह गन्तव्यका रुपमा पनि प्रचारित गर्ने ।<br>● भारतीय तथा बंगलादेशी नागरिकलाई झण्झट रहित यात्रा हुने वातावरण बनाउने । भारतीय रुपैयाँमा रहेको नियन्त्रण र यात्रा गर्दाको झण्झट हटाई खुकुलो र सहज बनाउने ।<br>● गुणस्तरीय रोजगारी सिर्जनाका लागि तालिम तथा अभिमूखिकरण मार्फत दक्षता अभिवृद्धि गर्ने | खसंघीय, प्रदेश र स्थानीय सरकारहरू, उद्यमी/व्यवसायी |
| **५. सरकार र निजी क्षेत्रको भूमिका तथा सहकार्य**<br>● नीति निर्माण, पूर्वाधार विकास, सहजीकरण, नियमन कार्यमा सरकारको सक्रिय भूमिका<br>● गतिविधि सिर्जना, नवीनता प्रवर्द्धन, सेवा प्रवाह, बजारीकरणमा निजी क्षेत्रको नेतृत्व र सरकारको सहयोगी भूमिका<br>● सरकारी र निजी क्षेत्रको साझेदारिताको अवधारणामा आधारित रहेर प्रदेश पर्यटन बोर्ड वा पर्यटन परिषद गठन गरी स्रोत साधनयुक्त बनाउने ।<br>● राजधानी र प्रदेशका स्थापित गन्तव्यमा रहेको निजी क्षेत्रको विज्ञतालाई नीति निर्माण, कार्यक्रम तर्जुमा तथा कार्यान्वयनमा सहभागी गराउने<br>● केबलकार, जिपलाइन, वाल क्लाइम्बिङ् जस्ता आधुनिक पर्यटकीय पूर्वाधार विकास गर्दा समुदायको सहभागिता सुनिश्चित गर्ने । | संघीय सरकार, प्रदेश सरकार, स्थानीय सरकार, निजी क्षेत्रका छाता संस्था, सरकार मातहतका पर्यटन हेर्ने निकायहरू |

थप जानकारीका लागिः

**Community Engagements & Outreach**
400/41 Kamaladi Sadak, Kathmandu
Email: engage@ceo.com.np
Ph. No.: 01-4221507